नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

● वर्ष ३ ● अंक १७५ ● २०८२ साल वैशाख २६ गते शुक्रबार ● Friday 09, May 2025 ● सूर्योदयः बिहान ५:२२ बजे ● सूर्यास्तः साँझ ६:४२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## डिआइजीद्वारा पदभार ग्रहण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रहरी नायब महानिरीक्षक (डिआइजी) उमा प्रसाद चतुर्वेदीले पदभार ग्रहण गरेका छन् । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाममा चतुर्वेदीलाई कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक शान्तिराज कोइराला लगायत प्रहरीले स्वागत गरे ।
चतुर्वेदीले कार्यालयका सम्पूर्ण प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिए । उनले आफ्नो दायित्व र जिम्मेवारीलाई इमान्दारिताका साथ पूरा गर्न निर्देशन दिए ।

# भारत पाकिस्तान तनावः
# नेपालमा उच्च सुरक्षा सतर्कता, भारतलाई साथ



**मधेशदृष्टि**
**वीरगंज ।**
भारत र पाकिस्तानबीच भएको तनावमा नेपालले भारतको साथ दिएको छ । नेपाल–भारत सीमामा कडाइ गरिएको छ । 'हाई अलर्ट'मा रहेको सशस्त्र प्रहरी बलले पछिल्लो ४८ घण्टामा ३ सय १२ वटा पट्रोलिङ गरेको छ । सीमानामा १ हजार ८ सय ४४ ठाउँमा चेकप्वाइन्ट राखेर सशस्त्र प्रहरी बलले चेकजाँच गरिरहेको सहप्रवक्ता शैलेन्द्र थापाले बताए । मंगलबार बिहानदेखि बिहीबार बिहानसम्म भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी) सँग मिलेर सशस्त्रले संयुक्त पट्रोल गरेको हो ।
नेपाल र भारतको सीमानामा सशस्त्रका करिब १० हजार सशस्त्र प्रहरी परिचालित छन् । सीमानामा हुने अवैध गतिबिधीलाई रोक्न प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र स्थानिय जनप्रतिनिधीहरुसँग पनि समन्वय गरिएको डीएसपी थापाले जानकारी दिए ।
सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह बाहिनी मुख्यालय सुनसरी, नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नम्बर ३ गढिमाई बाहिनी मुख्यालय मकवानपु◌ुर, नम्बर ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नम्बर ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही र नम्बर ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत कार्यालयबाट १० हजार भन्दा बढी सशस्त्र प्रहरी बल नेपालको जनशक्ति परिचालन गरिएको छ ।
सीमा क्षेत्र व्यवस्थित गर्न र हुनसक्ने अवैध गतिविधि रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणहरुसँग समन्वय गरी सूचना आदान–प्रदान गरी सीमामा आवतजावत गर्नेलाई निगरानी गर्ने कार्य समेत कडाईकासाथ गरिएको छ । नेपाल–भारत सीमानामा परम्परादेखि चलिआएको परम्परागत आवतजावतमा असहज तथा हैरानी नहोस् भन्नेतर्फ पनि सचेत हुँदै त्यसप्रकारको आवतजावतलाई सहजिकरण गर्ने कार्य समेत गरिएको छ ।
तस्बिरः सीमा १, सीमा, एपिएफ

**मधेशकेन्द्रित दलहरुको ऐक्वद्धता**

भारत–पाकिस्तानबिच तनाव भइरहेका बेला नेपालका मधेशकेन्द्रित दलहरूले आतंकवादविरुद्ध ऐक्यबद्धता जनाएका छन् । बुधबार बसेको सातदलीय संघीय लोकतान्त्रिक मोर्चाको बैठकले यस्तो निर्णय गरेको हो । मोर्चामा उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल, सिके राउत नेतृत्वको जनमत पार्टी, महन्थ ठाकुर नेतृत्वको लोसपा नेपाल, रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी, वृषेशचन्द्र लाल नेतृत्वको तमलोपा छ । लोसपा नेपालका महासचिव डा.सुरेन्द्र झाले विज्ञप्तिमार्फत भनेका छन्, 'आतकंवादविरुद्ध गरिएका यस्ता कारबाहीको समर्थन छ ।'
यस्तै, बिहीबार महेन्द्र राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा) र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले पनि विज्ञप्ति जारी गरी आतंकवादविरुद्ध सबैखाले संघर्ष र कारबाहीप्रति ऐक्यबद्धता जनाएका छन् ।
भारत–पाकिस्तानबीच जारी तनावमा नेपालले भारतप्रति ऐक्यबद्धता जनाएको छ । परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै आंतकवादविरुद्धको लडाइँमा नेपाल भारतको साथमा रहेको जनाएको छ ।

**नेपालको समर्थन, बारा–पर्सामा कडाइ**

नेपाल सबै किसिमका आतंकवादको विपक्षमा रहेको उल्लेख गर्दै सरकारले सबै किसिमका आतंकवादविरुद्ध लड्न सदैव तत्पर रहेको जनाएको छ । नेपालले कुनै पनि छिमेकी मुलुकविरुद्ध आफ्नो भूमि प्रयोग हुन नदिने पनि प्रष्ट पारेको छ । सरकारले तनाव कम होस् भन्ने चाहेको उल्लेख गर्दै यस क्षेत्रमा शान्ति र स्थायित्व कायम राख्न प्रतिबद्ध रहेको जनाएको छ । नेपालमा भारतबाट सबैभन्दा बढी पर्यटक वीरगंज नाकाबाट भित्रिने गरेका छन् । यस अवस्था भारतबाट हुनसक्ने अवैध आवतजावतमा पर्सा प्रशासनले निगरानी बढाएको छ ।
पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले भारतबाट हुनसक्ने अवैध आवतजावत निरुत्साहित गर्न पर्साको सबै सीमानाका कडाई गरिएको बताए । भारतबाट आउने गलत तथा शंकास्पद व्यक्तिहरुको परिचयपत्र हेर्न र सुक्ष्म निगरानी गर्न निर्देशन दिइएको बताए ।
यस्तै बारासँग जोडिएका सबै सीमानाकामा बारा प्रशासनले कडाइ गरेको र प्रहरीलाई हाई अलर्टमा बस्न निर्देशन दिइएको छ । जिल्ला प्रशासन कार्यालय बाराले सुरक्षा समितिको बैठकको निर्णयअनुसार बाराको खुला सीमानाकाबाट भारतबाट अनावश्यक तथा अवैध आवागमनलाई नियन्त्रण गर्न र सुरक्षा व्यवस्था कडा राख्न यस्तो निर्णय गरिएको बाराका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए ।

**संसदमा भारत–पाकिस्तान तनावको प्रसंग**

प्रतिनिधिसभाको बैठकमा बिहीबार सांसदहरूले भारत–पाकिस्तान तनावको कुरा उठाएका छन् । सांसदहरूले भारत–पाकिस्तानबीच गोलाबारी भएको विषयलाई लिएर नेपालमा पनि सचेतना अपनाउनुपर्नेमा जोड दिएको छन् । सांसद रामहरि खतिवडाले भारतले अहिले आतङ्कवादविरुद्ध लडाइँ लडिरहेको भन्दै आतङ्कवादविरुद्धको लडाइँमा नेपालले साथ दिनुपर्ने बताए । सांसद मुक्ताकुमारी यादवले दुई देशबीच भइरहेको गोलाबारीमा त्यहाँ रहेका नेपाली पर्नसक्ने भन्दै त्यसबारे सरकारको ध्यानाकर्षण गराइन् । त्यहाँ रहेका नेपालीलाई सुरक्षित स्थानमा ल्याउने वातावरण निर्माण गर्न कूटनीतिक पहल गर्न पनि उनले सरकारसँग आग्रह गरिन् । त्यस्तै सांसद मीना तामाङले भारत–पाकिस्तान युद्धमा गोरखा सेना पहिलो चरणमा प्रयोग नगर्ने वातावरण निर्माण गर्न पहल गर्न सरकारसँग माग गरिन् ।

**नेपालीहरु घर फर्कन थाले**

भारत र पाकिस्तानबीच द्वन्द्व चर्किएसँगै भारतलाई कर्मभूमि बनाएका नेपाली घर फर्कने क्रम शुरु भएको छ । जिल्ला प्रशासन कार्यालय मोरङका अनुसार भारतको विभिन्न क्षेत्रमा कार्यरत नेपाली विराटनगर–जोगबनी नाकाभएर फर्कन थालेका हुन् । मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सम्भवतः भारत पाकिस्तानबीचको द्वन्द्वका कारण यस नाका हुँदै नेपाल भित्रिने देखिन थालेको जानकारी दिए ।
मोरङ प्रवेश गर्ने ठूलो नाकाका रुपमा रहेको जोगबनी विराटनगर ढाट नम्बर १ हुँदै नेपाली भित्रिन थालेको उनको भनाइ छ । राष्ट्रिय सुरक्षा परिषद्ले सीमा क्षेत्रमा कडा निगरानी बढाउनसमेत सर्कुलर गरिसकेको बताएका यादवले सीमा क्षेत्रमा सुरक्षा अवस्था र निगरानीलाई उच्च बनाइएको बताए ।
यसक्रममा नेपाली मात्र नभएर अन्य मुलुकका नागरिक समेत भित्रिनसक्ने अवस्था रहेको हुँदा सुरक्षा निकायलाई विशेष ध्यान दिन निर्देशनसमेत दिइएको बताए ।

## मोतिहारीमा चार चिनियाँ समातिए



*भारतले पाकिस्तानमाथि 'अपरेसन सिन्दुर' अभियान चलाइरहँदा नेपाल भारत सीमामा दुवै देशले कडाइ गरेका बेला भारत प्रवेश गर्न लागेका चार चिनियाँ नागरिक पक्राउ परेका छन् । उनीहरु नेपाल भारत सीमावर्ती नाकाबाट भारत प्रवेश गर्न खोज्दा सुरक्षा निकायको निगरानीमा परेका हुन् ।*
*भारतको रक्सौल मितेरी पुल नजिकै भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले चार चिनियाँ नागरिकलाई नियन्त्रणमा लिएको हो । नेपाल र भारतका सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मी उनीहरुको व्यवहार देखेर अरु चकित परेका छन् । उनीहरुले हिन्दी, नेपाली, अंग्रेजी तथा चिनियाँ भाषामा बरोबर फरक बयान दिएपछि थप शंका उब्जिएको हो । पर्सा प्रहरी प्रमुख गौतम मिस्रले उनीबारे अनुसन्धान भइरहेको र थप केही नखुलेको बताउनु भयो । स्रोतका अनुसार उनीहरु भारतको मोतिहारी जान लागेका थिए ।*
*चीनको हुनान प्रान्तका डेन विजोन ,लीं युन्गाघौई, हि क्युँ हैनसेन र हुवाग लिविंग पक्राउ परेको भारत, मोतिहारी जिल्ला प्रहरी प्रमुख एसपी सुवर्ण प्रभातले बताए । भारतीय सीमा सुरक्षा बल एसएसबी र मोतिहारी पुलिसले बिनाभिसा अवैधरूपमा भारतीय क्षेत्रबाट चारैजना चिनियाँ नागरिकलाई पक्राउ गरेको हो । उनीहरुमाथि हरैया थानामा उजुरी दर्ता गरी अनुसन्धान तथा कारबाही प्रक्रिया शुरू भएको छ ।*
*चारैजना नेपाल सीमाबाट अवैध रूपमा भारत प्रवेश गरिरहेका थिए । पक्राउ परेकामध्ये एकजना महिला हुन् । महिलाले बारम्बार आफ्नो बयान परिवर्तन गरिरहेको बताइएको छ । उनले नेपालको नागरिक भएको दाबी पनि गरेकी छिन् र हिन्दी, नेपाली, अंग्रेजी र चिनियाँ भाषा बोल्ने गरेकी प्रहरीको भनाई छ । महिलासँग पाकिस्तानी नम्बर फेला परेकाले पाकिस्तानसँग सम्पर्क हुनसक्ने भारतीय प्रहरीको अनुमान छ ।*
*चारैजना चिनियाँ नागरिक एक हप्तादेखि नेपालको राजधानी काठमाडौँमा बसेर बुधबार अवैधरूपमा भारत प्रवेश गर्न खोजेको पाइएको छ । भारतीय सेनाले पाकिस्तानमाथि मंगलबार राति 'अपरेसन सिन्दुर' चलाएपछि अवैध घुसपैठ हुनसक्ने आशंकामा नेपालका सशस्त्र प्रहरीका साथै भारतीय सीमा सुरक्षा बल एसएसबीले भारत र नेपालको सीमाना हाई अलर्ट बनाएको छ ।*
*भारतीय सीमामा नेपालबाट आउने र जाने सबै मानिसको निगरानी तथा राम्ररी जाँच भइरहेको छ । भारत प्रवेश गर्नेको एसएसबीले अनिवार्य परिचयपत्र जाँच गरिरहेका छन् ।*

## जनमतमा जनताको आकर्षण




**मधेशदृष्टि**
**राजविराज ।**
जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतले स्थापनाको छोटो समयमै आफ्नो पार्टीमा जनताको आकर्षण बढेको बताएका छन् । बिहीबार सप्तरीको विष्णुपुर गाउँपालिकामा जनमत पार्टीद्वारा आयोजित बृहत पार्टी प्रवेश तथा जनसभामा उनले यस्तो बताएका हुन् । उनले निकट भविष्यमै हुन लागेको नागरिक उन्मुक्ति पार्टीसँगको एकीकरण पूरा भएपछि पार्टीलाई देशैभर थप स्थापित गर्ने बताए ।
आफ्नो पार्टीले नै जनताको हित र मुलुकको विकास गर्ने दाबीका साथ उनले पार्टीप्रति अहिले जनतामा उत्साह थपिएको बताए । सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यसमेत रहेका उनले आफू विकासको पक्षमा तथा राज्यपक्षद्वारा भइरहेको विभेदको विपक्षमा संगठित रुपमा उभिएको बताए ।
कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका पूर्व केन्द्रीय सदस्य विशेश्वर रजकसहित विभिन्न पार्टी परित्याग गरी दुईसय भन्दा बढी नेता कार्यकर्ता जनमतमा प्रवेश गरेको जिल्ला इन्चार्ज रामगमन साहले जानकारी दिए ।
उनकै अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, संगठन विभाग प्रमुख जयकान्त राउत, मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री शकिल अलि मियाँ, प्रदश सांसद एवम् पूर्वमन्त्री महेश प्रसाद यादव, प्रदेश सांसद शम्भु साह, हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर वीरेन्द्र माझी, बलानबिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतको उपस्थिति थियो ।

# देश प्रतिगमनको बाटोमा लैजाने प्रयास जारी



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मु◌ुलुकलाई फेरि पुरानै प्रतिगमनको बाटोमा लैजाने प्रयास भइरहेको भन्दै यसतर्फ परिवर्तनकारी शक्ति सचेत हुनुपर्ने समय आएको बताएका छन् । जसपा नेपाल धनुषाको प्रथम जिल्ला अधिवेशन उद्घाटनमा अध्यक्ष यादवले केही तत्व २०१७ सालतिर मुलुकलाई लैजान र एउटै भाषा एउटै भेष लाद्न खोज्ने गृहकार्यमा लागेको दाबी गरे ।
उनले मुलुकमा विगतमा भएको परिवर्तन उल्ट्याएर हरेक परिवर्तन समाप्त पार्ने कोशिस गरिएको बताउँदै परिवर्तन उल्ट्याउने कार्यविरुद्ध सदैव संघर्ष गरेको बताउदै आवश्यक परे फेरि संघर्ष गर्ने बताए । कुनै पनि हालतमा परिवर्तन समाप्त हुन नदिने उनले दाबी गरे । अग्रगामी, यथास्थितिवादी र पश्चगामी तीन ध्रुवमा राजनीतिक विभाजन भएको उनको तर्क थियो । यादवले मुलुकको संघीइ लोकतान्त्रिक गणतन्त्र रक्षाका लागि सबै एकजुट हुनुपर्ने आवश्यकता औँल्याए । उनले भने, 'अहिलेको परिवर्तन समाप्त पार्न विभिन्न गतिविधि भइरहेका छन्, जसले मुलुकको परिवर्तन पचाउन सकेको छैन, उनीहरु विगतमा समेत सुसुप्तरुपमा बस्दै एक्कासी आएर उल्टाउने दाउमा छन्, जसबाट हामी सतर्क हुनपर्छ ।'
अध्यक्ष यादवले केही शक्तिले संघीयता र समावेशी नचाहेका कारण ती शक्तिसमेत अहिले विरुद्ध लागेको बताए । उनले मधेशका जनताले संघीयता र समावेशीता लडेर ल्याएको बताउँदै कसरी समाप्त पार्न सकिन्छ भन्ने सोचका आधारमा केही शक्तिले गतिविधि गरिरहेको बताए । अध्यक्ष यादवले परिवर्तन यथास्थितिमै रहोस्, त्यो भन्दा पनि अगाडिको परिवर्तन नहोस् भन्ने सोचका आधारमा केही शक्ति आइरहेको बताउँदै उनीहरु संघीयता फलिभूत हुन नदिन अवरोध सृजना गरिरहेको बताए । उनले भने, 'मुलुकमा यसखालको शक्ति संघीयता र समावेशीताविरुद्ध छन्, त्यस्ता शक्तिसमेत पहिचान गरेर सचेत हुनुपर्ने आवश्यकता छ ।'
यादवले मधेशीले समानतासहितको अधिकार नपाएको बताउँदै अहिले पनि पहिचान र अधिकारका लागि संघर्षकै अवस्थामा रहेको बताए ।
आठ जिल्ला मात्रै मधेश नरहेको बताउदै मधेश पूर्वदेखि पश्चिमसम्म रहेको र कर्मचारीमा अहिले पनि २ प्रतिशत भन्दा पनि कमै व्यक्ति कर्मचारी मधेशी रहेको बताउँदै यसले मुलुकमा समाजनता नआएको प्रष्ट देखिएको बताए । यादवले अहिलेपनि मधेशको जनता प्रतिनिधित्वको असमानता खेपिरहेको बताउँदै समानता नआएसम्म जनताले परिवर्तनको अनुभूति गर्न नसक्ने बताए ।
यादवले कुनै पनि समदायको श्रोत र साधनमा पहुँच नभएसम्म उनीहरु अगाडि बढ्न नसक्ने बताउँदै मधेशका उपेक्षित समुदाय जल, जंगल र जमिनबाट टाढा रहेको बताउँदै उनीहरु अहिले पनि श्रोतसाधनबाट वञ्चित रहेको बताए । यादवले जबसम्म मुलुकमा सुशासन स्थापना हुँदैन तबसम्म मुलुकमा विकास सम्भव नरहेको बताए । उनले भने, 'मुलुकमा जबसम्म लुटतन्त्र, अनियमितताको बढावा हुन्छ, तबसम्म नेपालमा समृद्धिको सबै कुरा हुँदाहुँदै पनि विकास हुन सक्दैन ।'
यादवले लुटतन्त्रमै बसेर शासन गर्ने शक्ति नेपाली कांग्रेस र एमाले भएको बताउँदै मधेशमा केही नेताले आत्मासमेत बेचिसकेको बताउँदै जनताको भावनासमेत बेचिसकेको बताए । उनले पार्टीलाई आगामी दिनमा भ्रष्टाचार, परिवर्तनविरोधी तत्वको भण्डाफोर गरेर जानुपर्ने आवश्यकता रहेको बताए । राजनीतिक खिचातानीका कारण मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित भए पनि समानता र समानुपातिक प्रतिनिधित्वको समस्या अझै कायम रहेको बताए । उनले राजनीतिमा समानता अधिकार र प्रतिनिधित्व नभएसम्म कुनै पनि परिवर्तन अगाडि बढ्न नसक्ने बताउँदै यसका लागि सदैव संघर्ष गरिरहने बताए । उनले अग्रगामी शक्ति कमजोर हुँदा यथास्थितिवादी र पश्चगामी शक्ति प्राप्त उपलब्धि संकटमा पार्ने दुस्साहसमा लागेको भन्दै त्यस्तो दुश्प्रयास सफल हुन नदिनेसमेत बताए ।
धनुषा जिल्ला अध्यक्ष पशुपति यादवको अध्यक्षतामा भएको सत्रमा जसपाका केन्द्रीय उपमहासचिव, प्रतिनिधिसभा सदस्य दीपक कार्की, प्रदेश अध्यक्ष बालकिशोर यादवसहितका केन्द्रीय, प्रदेशका नेताले शुभकामना मन्तव्य राखेका थिए । अधिवेशन नयाँ नेतृत्व चयन गर्दै शुक्रबार सम्पन्न हुने आयोजकले जनाएको छ । जनता समावादी पार्टी नेपाल धनुषाको अध्यक्षमा धेरै आँकाक्षी देखिएका छन् । शत्रुधन यादव, मुखियापट्टि मुसहरनियाका अध्यक्ष जयकुमार यादव, जनकनन्दनी गाउँपालिकाका अध्यक्ष विपिनदेव यादव, शहीद नगरपालिकाका मेयर दिनेशप्रसाद यादव अध्यक्षका दाबेदार छन् । त्यसैगरी, वरुण यादव, दिपु कापर, रामनारायण कापडि, चन्देश्वर महतोसमेत अध्यक्षका दाबेदार छन् ।

# बालबालिकासम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्नुपर्नेमा सांसदहरुको जोड

**काठमाडौँ ।**
सांसदहरुले बालबालिकाको समग्र संरक्षण र हितका लागि संसद्मा सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरेर छलफल गर्नुपर्नेमा जोड दिएका छन ।
सामाजिक सुरक्षा कोष, नागरिक समाज सञ्जाललगायतका संस्थाहरुले बिहिवार आयोजना गरेको 'सामाजिक सुरक्षा कार्यक्रमको महत्व र बाल पोषणभत्ता विस्तारको आवश्यकतासम्बन्धी नीतिगत बहस' विषयक कार्यक्रममा सांसदहरुले बालबालिकाको विषय महत्त्वपूर्ण भएकाले संसदमा सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरी छलफल गर्नुपर्ने धारणा राखे ।
सांसदहरु सुशीला श्रीपाली ठकुरी, ईश्वरीघर्ती मगर, दामोदर पौडेल वैरागी, रञ्जुकुमारी झालगायतले बालबालिका भोलिका कर्णाधार भएकाले उनीहरुको विषयलाई महत्व दिएर सदनमा सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरेर छलफल गर्नुपर्ने बताए । कार्यक्रममा बाल पोषणभत्ता ५३२ रुपैया देखि वृद्धि गरी मासिक एक हजार रुपैयाँ पु–याउनुपर्ने, विवाहको उमेर २० वर्ष कायम गर्नुपर्ने, बालश्रममुक्त नेपाल बनाउनुपर्नेलगायत विषयमा छलफल भएको थियो ।
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सामाजिक सुरक्षा शाखाका निर्देशक सानुबाबु अधिकारीले हाल १० लाख ९२ हजार बालबालिका पोषणभत्ताका लाभग्राही रहेका र २५ जिल्लामा प्रत्येक महिना ५३२ रुपैयाँ वितरण गर्दै आएको जानकारी दिए । उनले एक आमाका दुई बालबालिकालाई बाल पोषणभत्ता प्रदान गरिएको उल्लेख गर्दै सरकारले हरेक वर्ष सात अर्ब रुपैयाँ बाल पोषणभत्ताका रूपमा वितरण गर्दै आएको बताए । विभिन्न वर्गमा ३७ लाख ६३ हजार व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिँदै आएको र कूल बजेटको छ प्रतिशत सामाजिक सुरक्षा भत्तामा खर्च हुने गरेका जानकारी दिइयो ।
राष्ट्रिय योजना आयोगका सदस्य प्रकाशकुमार श्रेष्ठले ८७ शीर्षकमा राज्यले सामाजिक सुरक्षाभत्ता वितरण गर्दै आएको उल्लेख गरे । 'बालबालिकामा लगानी ग–यौँ भने मानव पुँजी निर्माण हुन्छ', उनले भने ,'त्यसले भविष्यमा राष्ट्रलाई सहयोग गर्छ, त्यसैले बालबालिकामा लगानी गरौँ ।'
प्रनितिनिधिसभा सदस्य तथा बालअधिकारका लागि संसदीय मञ्चका संयोजक सीताकुमारी राना मगरले बालबालिकालाई अधिकार सम्पन्न बनाउन संसदमा आवाज उठाइरहेको बताए । उनले विवाहको उमेर २० वर्ष नै कायम हुनुपर्ने धारणा राखे । सामाजिक सुरक्षाभत्ता तथा बालबालिकालाई दिने सुविधाका सम्बन्धमा अहिले पनि द्बिविधा छ, राज्यले गरेका योगदानले के प्रतिफल आयो भनेर हेर्ने कि नहेर्ने ?", उनले भने 'अहिले पनि दुर्गममा ३६ प्रतिशत बालबालिका कुपोषणबाट ग्रसित छन, त्यसको कारण पत्ता लगाउने कि नलगाउने ?'
सांसद वैरागीले नीति तथा कार्यक्रमसँगै बजेटमा बालबालिकाका विषय र सामाजिक सुरक्षा भत्तासँगै परिवारले गर्ने योगदानका विषयमा बहस गर्न जरुरी रहेको बताए ।
सांसदहरू कल्पना मियाँ कुसारी, सांसद हरिमाया विश्वकर्मा, पूजा चौधरी, विनिताकुमारी सिंहलगायतले बालबालिकामाथि लगानी गर्ने सन्दर्भमा कुनै कन्जुस्याइँ गर्न नहुने धारणा राखे ।
युनिसेफका सामाजिक नीति विज्ञ ठाकुर ढकालले स्रोतको कमी हुँदाहुँदै कसरी प्राथमिकीकरण गर्ने ? भन्ने विषयमा ध्यान दिन आवश्यक रहेको बताए ।
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मिलन भट्टराईले प्रदेश र स्थानीय तहमा पनि बालबालिकाका पक्षमा बजेट निर्माण गर्न तयारी भइरहेको बताए । उनले हालसम्म ४४२ वटा स्थानीय तहमा मात्र बालकल्याण अधिकारी तोकिएको र अन्यमा पनि तोक्न जरुरी भएको बताए ।
राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले बजेट अभाव नभएर बजेट व्यवस्थापनमा समस्या रहेको उल्लेख गर्दै बाल संरक्षण संयन्त्र सांसदहरूको निर्वाचन क्षेत्रमा निर्माण गरिदिन आग्रह गरे । नेपालमा कूल जनसङ्ख्याको ४० प्रतिशत बालबालिका छन् । नेपालको संविधान २०७२ को धारा ४३ मा सामाजिक सुरक्षालाई नागरिकको मौलिक अधिकारका रूपमा उल्लेख गरिएको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १३ अनुसार बालबालिकाको पोषण तथा स्वास्थ्यको अधिकार सुनिश्चित गरिएको छ ।
नेपाल पक्ष राष्ट्र रहेको बालबालिकासम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९८९ ले बालबालिकाको सर्वोत्तम हितको प्रत्याभूति गरेको छ । नेपाल सरकारको सोह्रौँ योजना (२०८१–८६) मा मानव पुँजी निर्माणलाई दीर्घकालीन योजनाका रूपमा अगाडि बढाइएको छ ।
आव २०६६÷६७ देखि साविक कर्णालीका पाँच जिल्लाका सबै बालबालिकाका लागि र देशभरका दलित परिवारका पाँच वर्षमुनिका बालबालिकाका लागि मासिक २०० रुपैयाँ को दरले बाल पोषण भत्ता वितरण सुरु गरिएको थियो । हाल साबिक कर्णालीका साथै मानव विकास सूचकाङ्कमा पछाडि परेका थप २५ जिल्लाका पाँच वर्षमुनिका बालबालिकालाई मासिक . ५३२ रुपैयाँ का दरले बाल पोषण भत्ता प्रदान गर्दै आएको छ । यस कार्यक्रमबाट हालसम्म करिब ११ लाख बालबालिकाले लाभ लिइरहेको जनाइएको छ ।

# सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाईयो

**काठमाडौँ**
गृह मन्त्रालयले पछिल्लो समयमा विकसित क्षेत्रीय सुरक्षा परिस्थितिलाई मध्यनजर गर्दै सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारेको छ ।
सीमा क्षेत्रको सुरक्षा मजबुत बनाउन सरकारले दिएको निर्देशनपछि सुरक्षा निकायले सुरक्षा निगरानी थप बढाएको हो । सीमा सुरक्षामा तैनाथ सशस्त्र प्रहरी बल नेपालले ४८ घण्टामा सीमा इलाकामा ३१२ वटा पट्रोलिङ र एक हजार ८४४ स्थानमा चेक प्वाइन्ट राखेको छ ।
वैशाख २३ गते मङ्गलबार बिहानदेखि बिहीबारसम्म ४८ घण्टामा भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी) सँगको सहकार्यमा सीमा इलाकामा ८४ वटा संयुक्त र २२८ वटा एकल पट्रोलिङ गरिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शेलेन्द्र थापाले जानकारी दिए ।
भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी)सँग संयुक्त पट्रोलिङ वैशाख २३ गते २० वटा, २४ गते १६ वटा र २५ गते ४८ वटा गरिएको छ । त्यस्तै एकल पट्रोल वैशाख २३ गते ८९ वटा, २४ गते ६४ वटा र २५ गते ७५ वटा गरिएको जनाइएको छ ।
सोही अवधिमा सीमा इलाकाका एक हजार ८४४ ठाउँमा चेक प्वाइन्ट राखिएको छ । वैशाख २३ गते ५६४, वैशाख २४ गते ६४० र वैशाख २५ गते ६४० ठाउँमा गरी एक हजार ८४४ ठाउँमा चेक प्वाइन्ट राखिएको हो । सीमामा गस्ती पट्रोल तथा सुरक्षा जाँचलाई निरन्तरता दिइएको सशस्त्र प्रहरीले जानकारी दिएको छ ।
उक्त क्षेत्रहरुमा सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरी, नं २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुर, नं ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नं ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही र नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत कार्यालयबाट १० हजारभन्दा बढी सशस्त्र प्रहरी बल नेपालको जनशक्ति परिचालन गरिएको छ ।
सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुनसक्ने अवैध गतिविधिलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणहरुसँग समन्वय गरी सूचना आदानप्रदान गरी सीमामा आवतजावत गर्नेहरुलाई निगरानी गर्ने कार्यसमेत कडाइका साथ गरिएको छ ।
नेपाल–भारत सिमानामा परम्परादेखि चलिआएको परम्परागत आवतजावतलाई असहज तथा हैरानी नहोस् भन्नेतर्फ पनि सचेत हुँदै त्यसप्रकारको आवतजावतलाई सहजीकरण गर्ने कार्यसमेत गरिएको छ । यसैगरी सहरी क्षेत्रका सम्भावित सुरक्षा दिनुपर्ने महत्वपूर्ण ठाउँहरुमा निगरानी बढाइएको सशस्त्र प्रहरीबल नेपालले आज जानकारी गराएको छ । रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यलय, गितमन्दिर रोड, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १७ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०२/११ गते आइतबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| |
|---|
| **१)ऋणीको नाम, ठेगाना** |
| प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६० साल कार्तिक महिना ३० गते रोज १ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. १९६६५/०६०/६१, अन्तर्गत दर्ता कायम भएको तथा वीरगंज १२, पर्सा कार्यालय रहेको **श्री शंकर साह उपेन्द्र कुमार ।** |
| **कर्जाको प्रकार:-ब्यवसायीक अधिविकर्ष कर्जा, ब्यवसायीक आवधिक कर्जा,** |
| **कर्जाको सुरक्षण विवरणः** |
| **क**) राम नरेश प्रसाद सर्राफको छोरी, शंकर साह सोनारको बुहारी ,उपेन्द्र कुमार सर्राफको पत्नी, जिल्ला पर्सा, वीरगंज वडा नं.१८ बस्ने(ना.प्र.नं. १४५६, जारी मिति २०५४/०३/३०, जि.प्र.का. पर्सा) बर्ष ५४ की **सुष्मा देवी सर्राफ**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज उ.म.न.पा. वडा नं. १२ स्थित रहेको किता नं. **१६** र जिल्ला पर्सा वीरगंज वडा नं. १० स्थित रहेको किता नं. **२२७** को जम्मा क्षेत्रफल क्रमश **३८.२० र १६९.३० वर्ग मिटर** को घरजग्गा । |
| **प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) शंकर साह सोनारको नाती, उपेन्द्र कुमार शर्राफको छोरा, जिल्ला पर्सा, वीरगंज नं.१८ बस्ने (ना.प्र.न.३४-०१-७१-०१०३८,जारी मिति २०७१/०२/०२, जि.प्र.का. पर्सा) बर्ष २९ को **रजत शर्राफ ।**<br>**ख**) राम अशोक प्रसादको छोरी, उपेन्द्र कुमार सर्राफको बुहारी ,रजत सर्राफको पत्नी, वीरगंज वडा नं.१५ बस्ने(ना.प्र.नं. ३४-०१-७७-००२८०, जारी मिति २०७७/०३/२२, जि.प्र.का. पर्सा) बर्ष २८ **की राज नंदनी कुमारी ।**<br>ग) राम नरेश प्रसाद सर्राफको छोरी ,शंकर साह सोनारको बुहारी, उपेन्द्र कुमार सर्राफको पत्नी, वीरगंज म.न.पा वडा नं.१५ बस्ने (ना.प्र.नं. १४५६ र जारी मिति २०५४/०३/३०, जि.प्र.का पर्सा) बर्ष ५६ की **सुष्मा देवी सर्राफ ।**<br>**घ**) रामफल साहको नाती, शंकर साह सोनारको छोरा, जिल्ला पर्सा, वीरगंज नं. १८ बस्ने (ना.प्र.न.१६०३१६४६८, जारी मिति २०३९/११/०२, जि.प्र.का. पर्सा) बर्ष ६१ को **उपेन्द्र कुमार शर्राफ ।** |
| **पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**<br>उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिनको दिउंसो ३:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ जेठ ०९ गते शुक्रबार दिउँसो ३:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ जेठ ११ गते आइतबार दिउँसो ४:०० बजे सम्म (१६ औ दिन बिदा परेकोमा) ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।


# लोकतान्त्रिक आन्दोलनका योद्धा डङ्गोलको निधनले पार्टीलाई अपूरणीय क्षतिः सभापति देउवा




**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका नेता एवं लोकतान्त्रिक आन्दोलनका योद्धा तीर्थराम डङ्गोलको निधनले सिङ्गो पार्टीलाई अपूरणीय क्षति पुगेको बताएका छन ।
स्व नेता डङ्गोलको १३औँ पुण्य तिथिका अवसरमा नेपाली कांग्रेस जिल्ला कार्यसमिति काठमाडौँले बिहिवार आयोजना गरेका श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै सभापति देउवाले सादगी एवम् कर्मठ योद्धाको निधनले पार्टीका लागि मात्रै नभई सिङ्गो देश र समाजका लागि ठूलो क्षति भएको बताए ।
उनले कांग्रेसको सङ्गठन निर्माण र देशको लोकतान्त्रिक आन्दोलनमा नेता डङ्गोलले निर्वाह गर्नुभएको भूमिका पार्टीले कदापी नबिर्सिने उल्लेख गर्दै नेता डङ्गोलको त्याग, सङ्घर्ष, अनुभव, जीवनशैली र समपर्णलाई समेटेर उपयोगी र सान्दर्भिक कृति प्रकाशित गर्न सुझाव दिए ।
नेता डङ्गोलसँगको लामो सम्बन्धको प्रसङ्ग उल्लेख गर्दै कांग्रेस सभापति देउवाले भन, 'पार्टीका त्यागी एवं निष्ठावान् नेताको असामयिक निधनले पार्टीलाई गहिरो क्षति पुगेको छ । उनको विचार र आदर्शलाई आत्मसात् गरिकन पार्टीलाई सुदृढ र एकताबद्ध ढङ्गबाट अघि बढाउने प्रतिबद्धतासहित नेता डङ्गोललाई स्मरण गरौँ ।'
कांग्रेस नेता तथा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले सरल, कुशल र सालीन स्वभावका नेता डङ्गोलको निधनले पार्टीलाई मात्र नभई राष्ट्रलाई नै क्षति पुगेको बताए । उनले भने, 'कठिन एवं प्रतिकूल अवस्थामा पनि पार्टीलाई जोगाउँदै अघि बढाउन कांग्रेस नेता डङ्गोलको अतुलनीय योगदान रहेको छ । उहाँ एक सादगी, आदर्शवान्, सच्चा र त्यागी राजनीतिज्ञ हुनुहुन्थ्यो ।'
कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले डङ्गोलजस्ता स्वच्छ छवि भएका आदर्शवान् एवं लोकतान्तत्रिक आन्दोलनका अथक योद्धाको असामयिक निधनले समग्र राष्ट्रलाई नै अपूरणीय क्षति पुगेको बताए ।
नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले स्व डङ्गोलको सरल, आदर्शवादी र आचरणयुक्त व्यक्तित्वलाई सबैले अनुशरण गरी अघि बढ्नुपर्नेमा जोड दिए ।
कांग्रेस नेता एवं पूर्वमन्त्री दीलेन्द्रप्रसाद बडूले स्व डङ्गोलको आदर्श र जीवनशैलीलाई आत्मसात् गरी सदैव देश र जनताका पक्षमा समर्पित हुनुपर्ने धारणा व्यक्त गरे ।
कांग्रेसका नेता एवं पूर्वमन्त्री भीमसेनदास प्रधानले इमानदारिता र आचरणको खडेरी परेको समयमा एक निष्ठावान् एवं सादगी नेताको निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको बताए । कांग्रेसका केन्द्रीय सदस्य राजेन्द्र केसीले सरल र इमान्दार नेता डङ्गोलको निधनले कांग्रेसको मात्र नभई काठमाडौँको अभिभावक गुमाएको बताए ।
कांग्रेस काठमाडौँका सभापति कृष्ण (सबुज) बानियाँले डङ्गोल सरल र सालीन व्यक्तित्व तथा जुनसुकै आन्दोलमा नेतृत्वदायी भूमिकामा रहेर योगदान गरेको भन्दै उनले देखाएको बाटोलाई अनुशरण गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।
कार्यक्रममा कांग्रेस नेता दामोदर गौतम, ललितपुर कांग्रेसका सभापति जीतेन्द्रकुमार श्रेष्ठलगायतले डङ्गोलको निधनबाट कांग्रेसले आदर्श व्यक्तित्व गुमाएको बताए । स्व डङ्गोलकी धर्मपत्नी तेजमाया डङ्गोलले सभामा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरे ।
काठमाडौँ कांग्रेसका पूर्वसभापति एवं प्रजातान्त्रिक योद्धा डङ्गोलको ७७ वर्षको उमेरमा यही वैशाख १२ गते निधन भएको थियो । विसं २००४ मा काठमाडौँमा जन्मनुभएका उनि कांग्रेस काठमाडौँको कोषाध्यक्ष र जिल्ला सभापति तथा काठमाडौँ महानगरपालिकाको पूर्वउपप्रमुखसमेत थिए ।
नेपाली राजनीतिमा जुझारू नेताका छवि बनाउनुभएका डङ्गोल विसं २०६२÷६३ को जनआन्दोलनमा काठमाडौँको कमाण्डरका रूपमा खटिनुभएको थियो । नेता डङ्गोलका नाममा स्थापित ट्रष्टले हरेक वर्ष शिक्षा, पत्रकारिता, नेपाल भाषामा योगदान पु–याउने व्यक्तित्वलाई पुरस्कार प्रदान गर्दै आएको छ । रासस

# समूह बी एण्ड सी बैंकर्स क्लबमा नयाँ कार्यसमिति



**मधेशदृष्टि**
**वीरगंज ।**
विकास बैंक तथा फाइनान्स कम्पनीका शाखा प्रबन्धक र प्रदेश प्रमुखको समूह बी एण्ड सी बैंकर्स क्लब वीरगंजको नयाँ कार्यसमिति चयन भएको छ । कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडको कार्यालयमा आयोजित बैठकले सर्वसम्मत निर्णय गर्दै नयाँ नेतृत्व चयन गरेको हो ।

कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत लालबहादुर थिङको प्रमुख आतिथ्यता तथा विभिन्न बैंक तथा फाइनान्स संस्थाका प्रतिनिधिको उपस्थितिमा सम्पन्न बैठकमा गुह्येश्वरी मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडका प्रदेश प्रमुख राजेश कुमार गुप्तालाई अध्यक्ष चयन गरिएको छ ।

उपाध्यक्षमा सुदीप चन्द्र पोखरेल (महालक्ष्मी विकास बैंक लिमिटेड), सचिवमा उदय कुमार कामती (कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेड), सहसचिवमा डिगम्बर थापा क्षेत्री (मन्जुश्री फाइनान्स लिमिटेड), कोषाध्यक्षमा राजीव कुमार झा (गरिमा विकास बैंक लिमिटेड), सहकोषाध्यक्षः सवीर अली (सांग्रिला डेभलपमेण्ट बैंक लिमिटेड) चयन भएका छन् ।

यस्तै, सदस्यहरूमा पुरुषोत्तम अधिकारी, सम्सुल हुदा खाँन, विपिन किशोर श्रेष्ठ, सुरज कोइराला, कृष्ण कुमार झा, राजन गिरी, सबीर अन्सारी र शान्ती सिंह चयन भएको छन् । बैठकले कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत थिङलाई वरिष्ठ सल्लाहकार र सांग्रिला डेभलपमेण्ट बैंक लिमिटेडका प्रदेश प्रमुख रुपक मैनालीलाई सल्लाहकारमा चयन गरेको छ । बैठकमा आगामी कार्ययोजना, आपसी समन्वय, बैंकिङ क्षेत्रका साझा चुनौती र पेशागत क्षमता अभिवृद्धिका विषयमा गहन छलफल भएको छ ।

# मटिहानीस्थित लक्ष्मीनारायण मठमा नयाँ महन्थ



**मधेशदृष्टि**
**महोत्तरी ।**
मिथिला क्षेत्रको प्रमुख धार्मिक, सांस्कृतिक र शैक्षिक धरोहरका रूपमा चिनिने महोत्तरी जिल्लास्थित मटिहानीको श्री लक्ष्मी नारायण मठले हालै नयाँ महन्थ पाएको छ । संस्कृत साहित्यका प्राज्ञ डा. रविन्द्र दास वैष्णव नेपाल सरकार अन्तर्गतको गुठी संस्थानको सिफारिसमा मठको उत्तराधिकारी महन्थ पदमा नियुक्त भएका हुन् । मटिहानी मठ परिसरमा २०८१ सालको चैत १८ गते (२०२५ मार्च ३१) डा. वैष्णवले औपचारिक रूपमा पदभार ग्रहण गरेका थिए ।

नेपाल तथा भारतका वैष्णव सम्प्रदायका साधु–सन्त, स्थानीय श्रद्धालु, संस्कृत विद्वान तथा सांस्कृतिक अभियन्ताको उल्लेखनीय सहभागिता थियो । मठको गरिमा, परम्परा र भविष्यप्रति एक नवीन उत्साह झल्किएको थियो । डा. वैष्णवको महन्थ पदमा नियुक्तिले मठलाई आध्यात्मिक, शैक्षिक र सांस्कृतिक जागरणको नयाँ युगतर्फ डो-याउने अपेक्षा गरिएको छ ।

विक्रम संवत् २०३८ सालमा महोत्तरीकै मनरा सिस्वा नगरपालिका–९, बथनाहा गाउँमा जन्मिएका डा. वैष्णव सानैदेखि धार्मिक शिक्षामा समर्पित थिए । वैदिक परम्परामा हुर्किएका उनले संस्कृत साहित्यमा विद्यावारिधिसमेत गरेका छन् । धार्मिक अनुशासन, ब्रह्मचर्य व्रत र वैष्णव दर्शनमा गहिरो आस्था राख्ने डा. वैष्णव लामो समयदेखि मिथिलाञ्चलमा संस्कृत शिक्षाको प्रवद्र्धन, सांस्कृतिक चेतना विस्तार र धार्मिक संस्कार सुदृढीकरणमा सक्रिय रहँदै आएका छन् । मठको सर्वोच्च आध्यात्मिक पदमा पुग्नका लागि आवश्यक परम्परागत योग्यता, संयम र समर्पण उनीमा देखिन्छ ।

लक्ष्मी नारायण मठको ऐतिहासिक गाथा झन्डै पाँच शताब्दी पुरानो छ । मिथिलाको सांस्कृतिक हृदयस्थल मानिने यस मठमा वैष्णव सम्प्रदायका महन्थ अविवाहित, संयमी र ब्रह्मचर्य व्रति साधकका रूपमा चयन हुने परम्परा रहँदै आएको छ । यहाँको मूल मन्दिरमा श्री लक्ष्मी नारायणको आराधना हुन्छ, जहाँको मूर्ति, स्थापत्य र अनुष्ठान विधि मिथिला परम्पराको सजीव अभिव्यक्ति हो । मठसँगै सञ्चालनमा रहेको याज्ञवल्क्य लक्ष्मी नारायण संस्कृत विद्यापीठ नेपालको एक पुरानो तथा प्रतिष्ठित शिक्षालय मानिन्छ, जहाँ वेद, व्याकरण, मीमांसा र दर्शनजस्ता विषयमा गहिरो अध्ययन–अध्यापन गरिन्छ ।

डा. वैष्णवले मठको ऐतिहासिक सन्दर्भ जोड्दै रामायणकालीन घटनामा मटिहानीको उल्लेख गरेका छन् । अयोध्याबाट जनकपुरतर्फ गएको रामको बारात सीताको मटकोरका लागि मटिहानीको सरोवरबाट माटो लिइएको धार्मिक विश्वास छ । यसै सन्दर्भमा यो स्थानको नाम ‘मटिहानी’ रहेको जनविश्वास रहिआएको छ । यही कारण यहाँ धार्मिक अनुष्ठान, विवाह संस्कार र तीर्थयात्राको निरन्तरता छ ।

पदग्रहण समारोहमा डा. वैष्णवले मठलाई धार्मिक केन्द्रमात्र नराखी शैक्षिक, सांस्कृतिक र सामाजिक रूपान्तरणको मुख्य थलो बनाउने योजना प्रस्तुत गरे । उनले संस्कृत शिक्षालाई आधुनिकीकरण गर्दै मठमा अध्ययन–अध्यापनको वातावरण सुधार, पुस्तकालय व्यवस्थापन, भौतिक संरचनाको संरक्षण, तीर्थ सरोवरको सफाइ तथा सौन्दर्यकरण र छात्राबास सुविधाको विकास गर्ने अठोट व्यक्त गरे ।

भारत–नेपालको साझा सांस्कृतिक सेतूका रूपमा मठलाई उचाइमा पु¥याउने उनको दृष्टिकोणले धार्मिक पर्यटन प्रवद्र्धनमा समेत नयाँ सम्भावना देखिएको छ । स्थानीय बासिन्दा र श्रद्धालु डा. वैष्णवको नियुक्तिबाट हर्षित र आशावादी देखिन्छन् । मठका नियमित श्रद्धालु रामेश्वर झा भन्छन्, ‘डा. वैष्णवज्यू शिक्षित, संयमी र समर्पित हुनुहुन्छ । उहाँको नेतृत्वमा मठको गौरव पुनःस्थापना हुने विश्वास छ ।’ संस्कृत विद्यार्थी मठमा अध्ययनका लागि अझ राम्रो संरचना र व्यवस्थापन हुने आशामा छन् ।

डा. वैष्णवको नेतृत्वमा मटिहानीको श्री लक्ष्मी नारायण मठले परम्परा र आधुनिकताको सन्तुलनमा आधारित नयाँ युगको सुरुवात गरेको छ । धार्मिक, शैक्षिक र सांस्कृतिक चेतनाको केन्द्रको रूपमा यस मठले नेपालको वैष्णव परम्परामा अझ सशक्त उपस्थिति जनाउने सम्भावना बोकेको छ । नेपाल र भारतको साझा सांस्कृतिक सम्पदाका रूपमा रहेको यो धरोहर भविष्यमा धार्मिक पर्यटक, वैदिक विद्वान र श्रद्धालुहरूको लागि आस्था र अध्ययनको केन्द्र बन्दै जान सक्ने अपेक्षा बढेको छ ।

# बारा पर्सामा मनाइयो रेडक्रस दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल रेडक्रस सोसाइटी वीरगंज शाखाद्वारा विश्व रेडक्रस दिवस ‘मानवताको पक्षमा’ भन्ने नाराका साथ मनाइएको छ । सन् १८६३ मा रेडक्रस अभियान सुरुवात गरेका संस्थापक जाँ हेनरी ड्युनाको जन्मदिवसका अवसरमा विश्वभर विविध कार्यक्रम गरिँदै आएको छ । विपद् र संकटका बेला मानव सेवामा समर्पित रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको सन्देशलाई अझ सशक्त बनाउन यो दिवस मनाइन्छ । यसैबीच विश्व रेडक्रस दिवसको अवसरमा बाराको कलैयामा खुला रक्तदान भएको छ । सामुदायिक प्रहरी सेवा केन्द्र कलैयाको आयोजनामा भरत चोकमा आयोजित कार्यक्रममा ४ महिलासहित ३३ जनाले रक्तदान गरेको नेपाली कांग्रेस बाराका युवा नेता लोकेश सिंहले बताए ।

# गौतम स्कुलमा सचेतना कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
लागुऔषधको दुरुपयोगविरुद्ध सचेतना अभिवृद्धि गर्ने उद्देश्यले गौतम स्कुलमा लागुऔषध रोकथाम तथा नियन्त्रणसम्बन्धी कार्यक्रम भएको छ । कार्यक्रम विजाम (विज्ञान एवं जीवन अभ्यासन मञ्च) को संयोजनमा विद्यालयको कभर्ड हलमा आयोजना गरिएको हो । विद्यालयका कक्षा ९ का विद्यार्थीलाई लक्षित कार्यक्रममा विद्यार्थीलाई लागुऔषधका खतराबारे व्यवहारिक जानकारी प्रदान गरिएको थियो । कार्यक्रम सञ्चालन विजामका सुबोध पौडेलले गरेका थिए । उनले लागुऔषधका प्रकार, सेवनबाट उत्पन्न हुने स्वास्थ्य, सामाजिक र मानसिक असरबारे विस्तृत व्याख्या गर्दै त्यसले जीवनशैलीमा ल्याउने नकारात्मक परिवर्तनबारे सचेत गराए । साथै, विद्यार्थीलाई लागुऔषधबाट टाढा रहन उत्प्रेरित गर्दै सकारात्मक सोच, स्वस्थ जीवनशैली र विवेकपूर्ण निर्णय क्षमताको विकासमा जोड दिए ।

# भन्सार छलीका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
वडा प्रहरी कार्यालय बीर्तोले वीरगंजबाट साढे ४ लाख रुपैयाँ भन्दा बढीको भन्सार छलीका सामान बरामद गरेको छ । वीरगंज महानगरपालिका–८ स्थित माईस्थान पछाडिको सडक खण्डबाट प्रहरीले ठूलो परिमाणको भन्सार छलीको मोबाइल सामग्री बरामद गरेको हो । वडा प्रहरी कार्यालयका बीर्ताका प्रमुख प्रहरी निरीक्षक निरोज चौलागाईंको नेतृत्वमा रहेको प्रहरी टोलीले विशेष सूचनाका आधारमा गरेको कारबाहीमा मोबाइलमा प्रयोग हुने २० प्याकेट हार्ड ग्लास र विभिन्न ब्राण्डका ३ सय ७२ थान ब्लुटुथ एअरपड्स फेला पारेको हो । बरामद गरिएको सामग्रीको अनुमानित बजार मूल्य ४ लाख ५४ हजार ४ सय रुपैयाँ छ । बरामद गरिएको सामान आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । भारतबाट अवैध रूपमा भन्सार छलेर ल्याइएका सामान नेपालमा भित्र्याउने प्रयास बढिरहेको प्रहरीले बताएको छ । सीमा क्षेत्रमा यस्ता गतिविधि रोक्न प्रहरीले निगरानी बढाएको जानकारी दिएको छ ।

# फरार अभियुक्त समातिए

**मधेशदृष्टि**
**धनुषा ।**
कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी जनकपुरधाम उपमहानगरपालिका–२३ का ५५ वर्षीय रामदहिन महतो भनिने गुजरा महतोलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । महतो समेतले चैत २ गते चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका सोही ठाउँका १८ वर्षीय आशु यादवको प्रादेशिक अस्पताल जनकपुरमा उपचारक्रममा मृत्यु भएको र सोही ठाउँ बस्ने रूपेश कुमार यादव घाइते भएको घटनामा संलग्न रही फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले धनौजी गाउँपालिका–४ बाट पक्राउ गरेको हो । प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# विद्यालयलाई पंखा प्रदान

**मधेशदृष्टि**
**वीरगंज ।**
गर्मीका कारण पठनपाठनमा समस्या भएपछि उपकार सेवा नेपालले वीरगंज महानगरपालिका–३२ टेढास्थित मनमिश्रा आधारभूत विद्यालयलाई आठ थान सिलिङ पंखा प्रदान गरेको हो । विद्यालयमा कक्षा शिशुदेखि आठ कक्षासम्म अध्ययनरत ६ सय ९६ विद्यार्थीलाई लक्षित गर्दै पंखा हस्तान्तरण गरिएको हो । उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगीले विद्यालयका प्रधानाध्यापक राजाराम साहलाई पंखाहरू हस्तान्तरण गरिन् । प्रधानाध्यापक साहले गर्मीका कारण पठनपाठनमा असहजता भएको हुँदा प्राप्त पंखाले सहजता हुने विश्वास व्यक्त गरे । कार्यक्रममा सामाजिक अभियन्ता प्रकाश थारु, समाजसेवी पद्मा देवी सरावगी, सदस्य अंकुर शर्मा लगायतको उपस्थिति थियो । यसैबीच उपकार सेवा नेपालले वीरगंज महानगरपालिका वडा नम्बर ११ रानीघाटस्थित रामजानकी मन्दिरलाई पनि सिलिङ्ग पंखा प्रदान गरेको छ । केही दिन यता बढेको तापक्रमलाई मध्यनजर गर्दै मन्दिरलाई ४ थान सिलिङ्ग पंखा प्रदान गरिएको सामाजिक अभियन्ता प्रकाश थारुले जानकारी दिए ।


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८२/१/२६ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले सिन्धुली शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम** : कपिलाकोट साना किसान कृषि सहकारी संस्था लि.
**रजिष्टर्ड ठेगाना** : मरिण-६, कपिलाकोट, सिन्धुली । **दर्ता नं:** १५१८/२०७०/७१

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : पंचमाया थिं दोर्जे (अध्यक्ष, जमानीकर्ता)**<br>बाबु : जिल्लाप थिं दोर्जे<br>पति : मान बहादुर बाइबा<br>ना प्र नं. : ४५८१७<br>ठेगाना : कपिलाकोट-५, सिन्धुली | **७) नाम : गुण राज प्रसाई (सदस्य, जमानीकर्ता)**<br>बाबु : चन्द्र बहादुर प्रसाई<br>पति : अवइसिंङ्ग प्रसाई<br>ना.प्र.नं : १९<br>ठेगाना : कपिलाकोट-२, सिन्धुली |
| **२) नाम : दान वहादुर केपछाकी (उपाध्यक्ष)**<br>बाबु : गणेश वहादुर केपछाकी<br>बाजे : सरुपि केपछाकी<br>ना.प्र.नं : २२३४६<br>ठेगाना : कपिलाकोट-४, सिन्धुली | **८) नाम : हिरा बहादुर भोलोन (संचालक)**<br>बाबु : जित बहादुर भोलोन<br>बाजे : सुब्बा सिं भोलोन<br>ना.प्र.नं : ३५७२<br>ठेगाना : रातामाटा-४, सिन्धुली |
| **३) नाम : नेत्र कुमार नेपाली (सचिव, जमानीकर्ता)**<br>बाबु : हर्क बहादुर दमाई<br>बाजे : शसिराम दमाइ<br>ना.प्र.नं : २०१०२९/२५५/८१२४<br>ठेगाना : महादेवस्थान-८, सिन्धुली | **९) नाम : भेषराज श्रेष्ठ (संचालक, जमानीकर्ता)**<br>बाबु : यज्ञ बहादुर श्रेष्ठ<br>बाजे : प्रेम बहादुर श्रेष्ठ<br>ना.प्र.नं : २३५०९<br>ठेगाना : महादेवस्थान-६, सिन्धुली |
| **४) नाम : रञ्जना पुलामी (कोषाध्यक्ष, जमानीकर्ता)**<br>बाबु : चन्द्रबहादुर पुलामी<br>पति : मनोज कुमार लुंगेली<br>ना.प्र.नं : ३०१०७१/१५९७२०<br>ठेगाना : मरिण-६, सिन्धुली | **१०) नाम : सीता वि.क. (संचालक)**<br>बाबु : लाल बहादुर कामी<br>पती : डम्वर बहादुर कामी<br>ना.प्र.नं : २०३०३०/७८१<br>ठेगाना : कपिलाकोट-८, सिन्धुली |
| **५) नाम : ईशरा ठाडा मगर (सदस्य)**<br>बाबु : डम्बर बहादुर सुयाल<br>पति : अम्बर बहादुर ठाडा<br>ना.प्र.नं : २०३०३०/१९४<br>ठेगाना : कपिलाकोट-२, सिन्धुली | **११) नाम : अविना वि.क. (संचालक)**<br>बाबु : वलिमान विश्वकर्मा<br>पति : सिंह बहादुर वि.क.<br>ना.प्र.नं : २०२०१०२९/२६६<br>ठेगाना : कल्पवृक्ष-७, सिन्धुली |
| **६) नाम : कृष्ण बहादुर माझी (सदस्य, जमानीकर्ता)**<br>बाबु : सानो कालवीर माझी<br>बाजे : तिलवीर माझी<br>ना.प्र.नं : ४१०२/६२०४<br>ठेगाना : मरिण गा.पा.-३, सिन्धुली | **१२) नाम : राजेन्द्र कुमार श्रेष्ठ (प्रवन्धक, जमानीकर्ता)**<br>बाबु : हरि बहादुर श्रेष्ठ<br>बाजे : हर्क बहादुर श्रेष्ठ<br>ना.प्र.नं : १५३७/३३९३<br>ठेगाना : कपिलाकोट-६, सिन्धुली |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
श्री सिंह बहादुरको नाति श्री शुक्र बहादुर मगरको छोरा सिन्धुली जिल्ला कपिलाकोट गा.वि.स. वडा नं. ४ बस्ने **श्री लिला बहादुर गरंजाको** नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला कपिलाकोट गा.वि.स. वडा नं. १ ठ को कित्ता नं.३०९ को क्षेत्रफल ०-१०-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop



## Janakpurdham Sub-Metropolitan City
### Office of the Municipal Executive
Janakpurdham, Dhanusha
Madhesh Province, Nepal

**Re-Invitation for Electronic Bids**

Date of Secondpublication: 2082-01-26 (9th May, 2025)

Janakpurdham Sub-Metropolitan City invites electronic bids from registered contractors for below Mentioned works.For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 12/2081/82/SQ/WORKS | Management of Public Land with Soil and Water (Supplying and Fixing of Bamboo Tree Guard with Fencing Work) | 19,99,567.29 | 55,000.00 | 2082-02-11, 12:00hrs | 1000.00 |
| 13/2081/82/SQ/WORKS | Construction and Maintenance of Oldest Building at Ma.Bi.Kuwa Rampur, Ward No. 12 | 19,54,822.44 | 55,000.00 | 2082-02-11, 12:00hrs | 1000.00 |

- Chief Administrative Officer

## सम्पादकीय

# सीमामा कहाँबाट आइपुगे चिनियाँ ?

भारत पाकिस्तान युद्धस्तरको तनावमा नेपाल र भारत सीमाक्षेत्रमा कडाइ छ । नेपाल सरकारले केन्द्रीय सुरक्षा समितिको बैठकबाटै सीमामा कडाइ गर्न निर्देशन दिएको छ र सशस्त्र प्रहरीले यसको कमाण्डिङ गराइरहेको छ । नेपाल भारत सीमामा तालिमप्राप्त कुकुरसमेत सशस्त्रले परिचालन गरेको छ। पाकिस्तानका नागरिक नेपाल हुँदै भारत नपसून् र भारतमा आतंक मच्चाएर नेपाल नछिरुन् भनेर नेपाल भारत गम्भीर छ । यस्तो बेला नेपाल–भारत सीमामा सुरक्षा कडाइमा पनि चारजना संदिग्ध चिनियाँ नागरिक भेटिएका छन् । भारतको रक्सौल मैत्री पुल नजिक भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले चार जना चिनियाँ नागरिकलाई नियन्त्रणमा लिएपछि यसले तरंग ल्याएको छ । तरंग अझ यस अर्थमा बढी देखिएको छ कि उनीहरु बरोबर बयान फेरिरहन्छन्, विभिन्न भाषा बोल्छन् तर भारत किन छिरे भनेर केही पनि बताउँदैनन् । कोसँग सम्पर्क थियो भन्ने पनि भन्दैनन् । यसले उनीहरुको व्यवहार अरु शंकास्पद हुने नै भयो।

नियन्त्रणमा लिइएका चारै जनाले बारम्बार बयान परिवर्तन गरेपछि नेपाल र भारतीय सुरक्षा निकायलाई पनि थप चुनौती बनेको छ । उनीहरु हिन्दी, नेपाली, अंग्रेजी तथा चिनियाँ भाषा बोल्छन् । उनीहरूको पाकिस्तानसँग सम्बन्ध रहेको संकेत देखिएको छ । पाकिस्तानमा रहेका व्यक्तिसँग सम्पर्कमा रहेको प्रारम्भिक अनुसन्धानमा देखिएको सुरक्षा निकायको भनाइ छ । सुरक्षा स्रोतका अनुसार चिनियाँ नागरिक विगत एक हप्तादेखि काठमाडौँमा थिए । भारतमा प्रवेशको प्रयोजन उनीहरुले खुलाएका छैनन् । खुलाउन अस्वीकार गर्छन् । उनीहरुबारे अनुसन्धान भइरहेको छ । भारतले कश्मिरको पाकिस्तान अधिनस्थक्षेत्रमा चलाएको 'अपरेशन सिन्दूर' पछि रक्सौल सीमा क्षेत्रमा सुरक्षामा कडाइ छ। नेपालबाट भारत प्रवेश गर्ने वा बाहिरिने व्यक्तिमाथि कडाइमा नेपाल र भारत दुवै देशका सुरक्षा निकाय परिचालन भएको छ । पहिचान पत्रका आधारमा सीमा वारपार गर्न दिइएको अवस्थामा शंकास्पद व्यवहारसहितका अर्को मुलुकका नागरिक भेटिँदा शंका थपिने नै भयो।

जे होस्, समयमा उनीहरु सुरक्षा निकायको नजरमा परेकाले थप खुल्दै जाला । तर नेपाल भारत सीमामा दुवै देशका सुरक्षाकर्मीको सक्रियताले यस्ता शंकास्पद पात्रहरुको यात्रा रोकिनेमा शंका छैन । सुरक्षाकर्मीलाई समयमा सूचना दिएर साहयोग नै गरौं। आतंकवाद परास्त गर्नैपर्छ।

# निरोगी नेपालको महासङ्कल्प र कुष्ठरोग निवारण

**केपी शर्मा ओली**

कुष्ठरोगको स्थिति नेपालमा साह्है भयावह छ, भन्न मिल्दैन किनभने विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार यसलाई राष्ट्रियस्तरमा भन्ने हो भने कुष्ठरोग नियन्त्रण भएको मान्नुपर्दछ । यहाँ १० हजारमा एकभन्दा तलको सङ्ख्यामा यो रोग रहेको छ । तसर्थ, यो उन्मूलन भएको मानिन्छ तर यसबाट हामी सन्तोष गर्दैनौँ। यथार्थ के हो भने हाम्रो देशमा उन्मूलन भएको छैन।

यस्ता कार्यक्रमले जनचेतना जगाउने कुरामा मद्दत गर्छ । खासगरी आजको कार्यक्रम कुष्ठरोग र त्यसको निवारणसम्बन्धी रहेको छ । यसमा के कस्तो कदमहरू चाल्न आवश्यक छ, सरकारी तबरबाट के कस्ता नीति निर्माण गर्न आवश्यक छ, कानून बनाउन आवश्यक छ, व्यावहारिक कदम कस्ता चाल्न आवश्यक छ, रोगको पहिचान र उपचारको सन्दर्भमा के गर्न जरुरी छ र सामाजिक जनचेतना र अपहेलनाबाट मानिस प्रताडित छ, उसको पीडा कसरी हटाउने भन्ने सन्दर्भमा केही गर्नुपर्छ भन्ने एउटा साझा सङ्कल्प, अठोट र त्यसका निम्ति भएका प्रयासहरू अगाडि बढाउन सजिलो अवश्य पर्छ।

मधेश, कोशी र लुम्बिनी प्रदेशमा यसका अलिबढी असरहरू छन् र केही जिल्लामा यो अलिक बढी मात्रामा छ । यस स्थितिमा हामी सन्तुष्ट हुन सक्दैनौँ। यस रोगलाई निवारण गरिछाड्ने हाम्रो प्रयासलाई अझ गतिशील र प्रभावकारी ढङ्गले अगाडि बढाउन जरुरी छ । यसका निम्ति मेरो अर्को पनि सुझाव छ, अहिलेसम्म हामी जुन ढङ्गले 'एलोपेथिक' औषधिमा भर परिराखेका छौँ, यसलाई आयुर्वेदिक औषधिले पनि ठीक गर्न सक्ने, यसको अनुसन्धान हुन जरुरी छ । किनभने आयुर्वेदिक औषधि भनेको प्रकृतिसँग र प्रकृतिको जीवनको 'इकोसिस्टम'सँग सम्बन्धित छ।

जुन पनि रोग लाग्छ, त्यस रोगलाई निको पार्न सक्ने कुरा फेरि प्रकृतिमै निहीत छ। औषधि पनि प्रकृतिमै निहीत छ। खानामै निहीत छ। यसलाई खाली पत्ता लगाउन जरुरी छ, कुन चिजबाट यो रोग पैदा हुन्छ र कुन चिजबाट यो रोगको अन्त्यत हुन्छ। यसको प्रयोग र परीक्षण गर्न आवश्यक छ। यसमा एलोपेथिक ढङ्गले निवारणको उपायहरू पत्ता लागेको छ तर आयुर्वेद यसमा प्रभावकारी छ । हामीले उहिलेदेखि आयुर्वेदको साहरा लिने गरेको थियौँ, अहिले अलिकति कमजोर भएको छ । यसलाई परम्परागत र आयुर्वेदिक औषधि विज्ञानको पक्षलाई विकास र अनुसन्धान गर्दै उपचार विधिमा जान जरुरी छ।

हामी निरोगी नेपालको महासङ्कल्पमा छौँ। यो स्वास्थ्य क्षेत्रको महासङ्कल्प हो निरोगी नेपाल । हामी सिङ्गै नेपाललाई निरोगी नेपाल बनाउन चाहन्छौँ। पहिलो कुरा, नेपालमा कोही पनि रोगी र बिरामी हुँदै नहोस् । यसका निम्ति रोग लाग्ने परिस्थिति र अवस्था आउनै नपाओस् । मान्छेको स्वास्थ्य कमजोर भयो भने 'इम्युन सिस्टम', प्रतिरोधी क्षमता कमजोर भयो भने रोग लाग्छ। त्यसकारण मान्छेहरूको 'इम्युन सिस्टम' नै कमजोर नहोस् । यसका निम्ति पनि उपायहरू गरौँ। खानपिन पेट भर्नका लागि मात्रै होइन, सन्तुलित खानपिन र स्वास्थ्यका लागि उपयोगी खानपिन, लाभदायी खानपिन गरौँ, जस्तो पनि होइन । स्वास्थ्यका लागि खानपिन खाऔँ । हामीले आफ्नो आनीबानी पनि ठीक गर्नुपर्दछ। स्वास्थ्य र स्वस्थ रहनका लागि खानपिन हो भन्ने कुरा थाहा पाउनुपर्छ । हाम्रा कतिपय आदतले पनि हामीलाई बिरामी बनाउँछ।

हाम्रा आदतहरू पनि सच्याउन जरुरी छ । त्यसमध्ये खानपिनको आदत, रहनसहनको आदत सच्याउन जरुरी छ। मान्छेले कुनै पनि श्रम गरेन, व्यायाम गरेन भने मान्छे बिरामी हुन्छ, कमजोर हुन्छ, 'इम्युन सिस्टम' कमजोर हुन्छ। ती पक्षहरू आहार–सन्तुलित, समयमा, उपयुक्त, विहार, व्यायम र काम एउटै कुरा हो । जसले पाचन प्रणालीलाई पनि ठीक गर्छ। आजकाल आर्शिवाद दिंदा तिम्रो पाचन प्रणाली ठीक होस् भन्ने चलन छैन । उहिलेउहिले तिम्रो पाचन प्रणाली ठीक रहोस् भन्थे । स्वास्थ्य रहनका लागि एकदम आवश्यक छ–पाचन प्रणाली । होइन भने न भोक लाग्छ, त्यसपछि न निद्रा लाग्छ, न प्रतिरोध क्षमता हुन्छ । पाचन प्रणाली कसरी ठीक हुन्छभन्दा प्रशस्त काम गर्‍यो, थकाइ लाग्यो, मस्त निदायो र आराम गर्‍यो, त्यसपछि पाचन प्रणाली ठीक हुन्छ। काम गरेन भने भोक लाग्दैन, खान रुच्दैन, पाचन प्रणाली ठीक हुँदैन । आन्द्रा भुँडी नै चलिराखेको हुँदैन, विस्तारै अल्छि लागेर चल्छ, कहाँबाट भोक लाग्ने ? त्यसकारण पहिलो कुरा स्वस्थ रहने हो भने हामी हरेक आफैँ पनि सचेत हुन जरुरी छ। हामी सचेत रहेर आफ्नो स्वास्थ्यलाई कसरी व्यवस्थित गर्ने ? फेरि पनि कुनै न कुनै रोग 'ट्रमा'जस्ता आइपर्न सक्छन्। धेरै कुरा त आइनपर्ने विधि गर्न सकिन्छ।

शरीरका सबै बाह्य र आन्तरिक अङ्ग–प्रत्यङ्ग अवयवलाई स्वस्थ र तन्दुरुस्त राख्ने उपाय छन्, तिनीहरूलाई अपनाउन सकिन्छ, काबुबाहिरको परिस्थिति परेन भने । जस्तो मेरो मिर्गौला किन खराब भयोभन्दा लापरबाहीले होइन। डेढ महिना राखेर चुटेको चट्यै गर्ने, खाना पनि नदिएपछि अनि स्वास्थ्य कहाँबाट हुन्छ ? चिसो गोलघरभित्र भूइँमा बसेको ठाउँमा तलबाट पानी पलाउँछ, अनि स्वास्थ्य कहाँबाट ठीक हुन्छ ? नेल हत्कडी लगाएको छ, घाउ नै घाउ भएको छ, धन्न त्यो फलामको नेलबाट घाउमा ठोकिएर 'टिटानस' आदि इत्यादि भएन संयोगको कुरा हो। त्यसबेला दिनको ७५ पैसा दिन्थ्यो, दाल किन्नुस्, तरकारी किन्नुस् मरमसला किन्नुस्, साबुन किन्नुस्, मञ्जन किन्नुस्, ब्रस किन्नुस् भनेर । दाँत हामी कसरी सफा गर्दथ्यौँ भने एउटा ब्रस किन्यो, त्यो पनि महङ्गो किन्न सकिदैनथ्यो, सस्तो किन्यो । दुई–चार दिनमा ब्रस सबै पछाडि फर्किन्छ । ब्रस त सिधा हुन्छ नि, पछाडि फर्किन्छ । दाँतमा जुन पर्दथ्यो, त्यसमा ब्रसको फेदको भाग पर्दथ्यो। दात नै सफा गर्न सकिदैनथ्यो । मुख बाङ्गो पारिपारिकन ब्रस गर्नुपर्दथ्यो। 'टुथपेस्टको ट्युव' हामीले निचोरेको देख्ने हो भने सबै मान्छे छक्क पर्दथे । त्यो सिद्धिएपछि पनि त्यसलाई निर्चोदानिर्चोदा...। नयाँ किनौँ पैसा छैन, त्यही पनि आउँछ कि भनेर त्यसको घाँटी मर्काएर चलाउँथ्यौँ ! ती दिन नसम्झिऔँ, सम्झिदा अलिअलि रमाइलो पनि लाग्छ। तर, त्यहाँ कहाँबाट स्वास्थ्य राम्रो हुनु ?

मलाई क्षयरोग लाग्यो। औषधि छैन, खाना छैन, 'अल्सर' भयो, औषधि छैन, खाना छैन। अनि कहाँबाट स्वास्थ्य राम्रो हुनु? पेटभरि घाउ भएर दुखेर असैह्य हुन्छ । भत्भति पोल्छ, घाउँबाट रगत आउँछ। 'पेनकिलर' दिन्छ, त्यो खाँदाखाँदा 'किड्नी फेल' नभएर के हुन्छ त ! मेरो 'किड्नी फेल' हुनुको अर्थ 'पेनकिलर'ले हो । सहनै नसकेर 'पेनकिलर' खाएको छ। अहिले नै मरियो भने पछि के गर्ने, पछि उपचार जे सुकै भए पनि के गर्ने ? अहिले बाँची हालौँ, 'पेनकिलर'को असरपछि हेरौँला भनेर । यस्ता काबुबाहिरका परिस्थिति बेग्लै कुरा हो, काबुका परिस्थिति त्यसबेला पनि हामी कसरी स्वास्थ्य जोगाउन सकिन्छ भनेर उपाय गदथ्यौँ । त्यहाँभित्र व्यायाम गर्ने, व्यायाम गर्ने पनि हविगत हुँदैनथ्यो । त्यही पनि स्वास्थ्य जोगाउन हामी कोसिस गर्दथ्यौँ । हामी हरेकले स्वास्थ्य जोगाउन कोसिस गर्नुपर्छ।

कुष्ठरोग कतिबेला सर्छ थाहा हुँदैन। यो सुरुमा यो पैदा हुन्छ। के कारणले पैदा हुन्छ, त्यो पत्ता लगाउन र त्यो पैदा नहोस् भन्ने कुराका लागि हामीले कुनै 'भ्याक्सिन' पो तयार गर्न सक्छौँ कि, अथवा तयार भएपछि पत्ता लाग्यो भने तुरुन्त उपचार सुरु गर्नु पर्दछ। हामीले उपचार सुरु गर्‍यौँ भने त्यसको निको हुने प्रक्रिया सुरु हुन्छ। निको हुने प्रक्रिया थोरै अगाडि बढ्ने बित्तिकै त्यसको सरुवापन जुन हुन्छ, सङ्क्रमणकारी प्रवृत्ति कमजोर भइहाल्छ र सर्न छोड्छ। अलिक समय औषधि खाएपछि सर्न छोड्छ र त्यो सङ्क्रामक रोग हुँदैन । औषधि नखाँदा त्यो सङ्क्रामक हुन्छ, खासगरी परिवारलाई र निकटका व्यक्तिलाई सर्ने खालको हुनसक्छ । त्यसैकारण मान्छे तर्सिन्छ । अब यहाँ कानूनी प्रबन्धदेखि सामाजिक बहिष्कारदेखि हेलाहोचाका कुरालाई रोक्नुपर्छ । पहिला उल्लेख्य संख्यामा कुष्ठरोग थियो, पछि औषधि खाएर नसर्ने भइसक्यो र निको भइसक्यो । निको भइसकेपछि पनि मान्छेले एक समय कुष्ठरोग थियो भन्ने थाहा पायो भने हेलाहोचो गर्छ । सँगै बस्न र अनेक हिसाबले अप्ठ्यारो मान्छ। त्यसको कुनै जरुरी छैन, त्यो निको भइसकेपछि केही फरक हुँदैन । उस्तै हो उहिले थियो, अहिले छैन । बिरामी थियो तर अहिले छैन । त्यसकारण हेलाहोचो गर्नुपर्ने त्यस्तो छैन। कानूनमा केही कुरा स्पष्ट पार्नुपर्ने अझै हुन सक्छन् । ती कुरालाई हामी हेर्छौं । कसरी कानूनलाई व्यावहारिक, उचित र उपयुक्त बनाउने, जसबाट बहिष्करण, हेलाहोचोजस्ता कुराहरू नहोउन्। अर्को, यस्तो पनि गर्नुहुँदैन, जसबाट सङ्क्रमण फैलियोस् । सङ्क्रमण नफैलिने र हेलाहोचो नहुने, यो दुईवटै स्थितिको सन्तुलन हामीले कायम गर्नुपर्छ र अगाडि बढ्नुपर्दछ।

हामी सबै रोगको निधान मात्रै होइन कि निवारण चाहन्छौँ। त्यो प्रकट भइसकेपछि होइन कि त्यो देशबाटै उन्मूलन होस्। उहिले बिफरको एउटा लहर आउन्थ्यो, त्यो लहर आएपछि त्यसले हरेक वर्ष ठूलो जनसङ्ख्यालाई समाप्त पारेर लिएर जान्थ्यो। आज हामीले बिफर उन्मूलन गरेका छौँ। मेरो आमा बित्नु हुँदा २२ वर्षको हुनुहुन्थ्यो, म तीन वर्षको थिएँ। आमा विफोरको कारणले बित्नुभएको थियो । मैले आमा बिफरले बित्नुभएको भन्ने थाहा पाएपछि विफोरसँग मेरो यस्तो दुष्मनी भयो कि स्कुलमा 'भ्याक्सिन' आयो भने म गाउँगाउँमा पनि त्यो भ्याक्सिन लिएर जान खोज्थेँ र लिएर पनि जान्थेँ।

ग्रामीण चेतनाको स्तर के थियो भने झापा जिल्लामा मेरो घरभन्दा परतिर बाटो थियो र बाटोभन्दा पारितिर स्थानीय आदिवासीको एउटा बस्ती थियो। त्यहाँ हरेक वर्ष केही व्यक्तिहरूको बिफरका कारणले निधन हुन्थ्यो। उनीहरू खोप लगाउन नमान्ने, खोप नलगाएपछि बच्चा अवस्थामा बिफर लाग्थ्यो। पहिला नलागेका मान्छे थिए भने तिनीहरूलाई त लाग्योलाग्यो । बिफर लागिसकेकालाई बरु लाग्दैन, नलागेकालाई लाग्योलाग्यो । मैले भ्याक्सिन लिएर गाउँमा आउँदैछ भन्ने थाहा पाएपछि गाउँका मान्छे गाउँ छोडेर भागे । बालबच्चा च्यापेर अलिक टाढा अर्को गाउँमा गएछन्। म बेलुका गएर सम्झाउन खोजें, यस्तो हो बाँचिन्छ भनेर तर मानेनन्। मैले भनेँ, मेरो कबुल र प्रतिबद्धता भयो कि तपाईंहरूलाई भ्याक्सिन लगाइँदैन, तपाईंहरू गाउँमा गएर बस्नुस्। त्यो सुनिश्चित गरेपछि उनीहरू बल्ल गाउँमा फर्किए। त्यत्रो आतङ्क थियो, खोप लगायो भने भगवान रिसाउँछन् र हामी बर्बाद हुन्छौँ भन्ने । फेरि त्यही वर्षमा केही मान्छे त्यहीँ गाउँमा बिते। मैले धेरै कोसिस गर्नुपर्‍यो कि हामीले भ्याक्सिन लगायौँ, तपाईंहरूले लगाउनुभएन, यताको गाउँमा सरेन, यताको गाउँमा रोग आएन, यताको गाउँमा आयो, तपाईंहरूकोमा मान्छे यसरी मरे अब भ्याक्सिन लगाउनुपर्छ भनेपछि बल्ल बिफर निवारण भयो। यस्ता उपायहरू हामी धेरैले गर्‍यौँ होला। तराईमा 'मलेरिया'ले भुसुक्कै मान्छे मर्दथे। मलेरिया उन्मूलन भयो। त्यसकारण उन्मूलन गर्न सकिन्छ। निको नहुने रोग कुनै छैन। निको नहुने 'स्टेज'मा पुग्यो भने मात्रै बेग्लै कुरा हो नत्रभने निको नहुने रोग भनेको कुनै छैन। सबै रोग निको हुन्छ र हामी निको पार्न सक्छौँ।



यस सन्दर्भमा सरकारले गरेका प्रयास बहुत राम्रा छन् । स्याङ्जाको मालुङ्गा हो क्यार ठाउँको नाम, मालुङ्गामा कुष्टरोग क्याम्प थियो। कुष्टरोगका बिरामीलाई निको पार्ने क्याम्प खडा गरिएको थियो । मलाई २०३९ सालमा काठमाडौँबाट पोखरा जेलमा लगियो । मालुङ्गा गाउँतिरका मानिस त्यहाँ थिए र त्यसमध्ये एक–दुई जना कुष्टरोग सङ्क्रमित पनि थिए। उनीहरूलाई कुष्टरोग थियो र त्यहीँ उनीहरूलाई औषधि पनि दिइन्थ्यो । मैले उनीहरूबाट कुष्टरोगका सम्बन्धमा यथार्थ जान्ने मौका पाएँ । यो कस्तो हो र कस्तो अवस्थामा सर्छ, सर्दैन । कुष्टरोग हटिसकेको थिएन तर उनीहरू सङ्क्रामक अवस्थाबाट मुक्त भइसकेका थिए। सङ्क्रामक अवस्था टरिसकेको थियो किनभने निको हुने प्रक्रिया निकै अगाडि बढिसकेको थियो, सङ्क्रामक अवस्था थिएन । त्यो रोगका किटाणुहरू कमजोर भइसकेका थिए। यसलाई निको पार्न नसकिने होइन, यो अनिवार्यरूपमा निको हुन्छ। जति छिप्पिएको छ, त्यति समय लाग्ने हो। सुरुमै भयो भने अलिक छिट्टै निको हुन्छ। जुन अङ्गभङ्ग भएको छ, त्यो फेरि 'रिकोभर' हुने कुरा त भएन। त्यो गएको गइहाल्यो। त्यसले हात खुट्टाका औँलाहरू झर्ने अनेक हुन्छ । अझ बढ्दै गयो भने यसले धेरै बिर्गान सक्छ, मान्छेलाई चल्न नसक्ने, अशक्त बनाउने र अझै माथितिर फैलिंदै आउने पनि हुनसक्छ। त्यसकारण यसलाई समयमै उपचार गर्‍यो भने थाहा पाउने बित्तिकै, अलिकति घाउ हुने बित्तिकै र कुष्ठरोग हो भनेर थाहा पाउन वित्तिकै उपचार गरे यो निको हुन्छ।

शरीरका अङ्गमा छुँदा थाहा पाइएन, 'सेन्सेशन' भएन भने त्यो कुष्ठरोग हो, त्यस्तो अवस्थामा कुष्ठरोग लागेको जानेर यथासक्य छिटो उपचार गराउनेतर्फ लाग्नुपर्दछ । यसो भएपछि यस रोगको हामी केही वर्षभित्रमा उन्मूलन गर्न सक्छौँ।

आजको यस भेलामा यसका आयोजक संस्थाहरूको यो सक्रियता रहोस् । तपाईंहरूले यथार्थ यसमा घटाउन र बढाउनुपर्ने आवश्यकता छैन । नबढाइ र नघटाइ यथार्थ वर्णन विभिन्न रेडियो, पत्रपत्रिका, टेलिभिजनबाट अनुरोध गरेर पनि तपाईंहरूले जनचेतना जगाउनुपर्‍यो । यसका लागि स्वास्थ्य मन्त्रालयले यस सम्बन्धमा सञ्चार मन्त्रालयसँग परामर्श गरेर अथवा सञ्चार गृहसँग परामर्श गरेर सहकार्य पनि गर्न सक्छ र जागरण अभियान विशेष ढङ्गले चलाउन सकिन्छ । देशभरिका मान्छेलाई यस सम्बन्धमा जानकारी गराउन सकिन्छ । जहाँ टेलिभिजन छैन, त्यहाँ समाचारबाट हुनसक्छ।

आज मोबाइलको जमाना छ । मोबाइललाई प्रयोग गरेर यससम्बन्धी जनचेतना जगाउन सकिन्छ । त्यसो भएर यसलाई विभिन्न ढङ्गले जागरण गरी यो रोग सर्न र फैलिन नपाओस्, सरिहाल्यो, फैलिहाल्यो वा रोग प्रकट भइहाल्यो भने कसैमा देखा परिहाल्यो भने यसलाई समयमै पहिचान गरेर उपचार गर्न सकियोस्। मैले अघि नै भनेँ, यसको निधान गाह्रो छैन र कुष्ठरोग हो भनेर पत्ता लगाउन सजिलो छ । यो आफैँले घरमा पत्ता लगाउन सकिने कुरा हो । त्यसकारण खाली जनतामा यसो भयो भने कुष्ठरोग हुने रहेछ भनेर चेतना जगायो भने मात्रै त्यो पत्ता लागिहाल्छ।

रोग लुकाउनु हुन्न भन्ने कुरा हामीले बुझाउन जरुरी छ किनभने लुकायो कि निकै धेरै वर्ष औषधि खानुपर्छ। हात खुट्टाका औलाहरू झर्न सक्छन्। विभिन्न जोर्नीहरू विकृत हुन सक्छन्। त्यसकारण यसलाई ठीक ढङ्गले लान जरुरी हुन्छ। यसो भएर यी चेतनाका कुराहरू फैलाउने र अगाडि बढाउने हामीले गर्‍यौँ भने यसलाई अन्त्य गर्न, निवारण र उन्मूलन गर्न सम्भव छ।

हाम्रो साथमा आज औषधि छ। सबैभन्दा महत्वपूर्ण कुरा त्यो हो । औषधि भनेको कुष्ठरोगको काल हो, त्यसलाई सिध्याएर छोड्छ। त्यो हामीसँग छँदैछ। खाली बिरामी र औषधिको भेट गराउनु हो। बिरामीलाई नियमित औषधि सेवन गर्न सिकाउनु पर्छ । औषधिमा तलमाथि नहोस्, नियमित औषधि सेवन गरुन् । मात्राअनुसार सेवन गरुन् किनभने यो अस्पतालमा बसेर गराउने उपचार पनि होइन, यो घरमै बसेर गर्ने उपचार हो, लामो समय लाग्छ। खाली औषधि खाने हो । त्यसकारण बिरामी आफैँ सजग हुनुपर्दछ । बिरामीलाई के थाहा हुनुपर्दछ भने सजगता भएन भने यो विकराल रूप लिने खतरा हुन्छ र यसले ठूलो विनाश गर्छ। त्यसकारण बिरामी अत्यन्त सजग हुनुपर्छ।

खासगरी बिरामीको पहिचान भएपछि भने सजग हुनुपर्छ। औषधि प्राप्त भएपछि औषधि खानुपर्छ र औषधिलाई पैसा लाग्दैन, निःशुल्क उपचार हुन्छ। त्यसकारण यो खर्चिलो उपचार र पैसा छैन भन्ने स्थिति होइन। निःशुल्क रूपमा सरकारले उपलब्ध गराउँछ । अस्पतालमा चिकित्सकलाई देखाएर औषधि लिन पाइन्छ। औषधि यति समयका लागि लिएर जाने र फेरि ल्याउने, अलिक टाढा छ भने अर्को व्यक्ति अस्पतालमा गएको छ भने 'प्रेस्किप्सन' पठाएर त्यसमार्फत् पनि औषधि झिकाउन सकिन्छ । जनचेतना, सामाजिक सहयोग, सद्भाव र सरकारको अभियान र सरकारले अलिकति ध्यान दिनुपर्‍यो । यसै क्षेत्रमा विभिन्न सङ्घसंस्था लागिरहनुभएकै छ । सङ्घसंस्थाको सक्रियतालाई प्रभावकारी कसरी बनाउने, त्यो प्रतिवद्धतालाई उपलब्धिमूलक कसरी बनाउने भनेर सबैले ध्यान दिन जरुरी छ।

समाजलाई निरोगी बनाउनका लागि, स्वस्थ समाज निर्माण गर्नका लागि यति धेरै साथीहरू यहाँ उपस्थित हुनुहुन्छ। यसमध्ये कतिपय साथीहरू अहिले पनि कुष्ठरोग लागिरहेका साथीहरू कतिपय निको भइसकेका साथीहरू पनि हुनसक्नु हुन्छ। निको भइसकेका साथीहरूले निको नभइसकेका साथीहरूलाई प्रेरणा र हौसला दिनुपर्दछ, कसरी निको भयो भनेर। निको हुन्छ, मलाई पनि पहिला थियो, मैले निको पारे भनेर मान्छेलाई त्यो कुरा बताउनुपर्छ । त्यो बताएपछि मान्छे उत्साहित भएर त्यसको निराकरणमा लाग्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘राष्ट्रिय सहमतिकासाथ जनहितका लागि संविधान संशोधन गरौँ’



**काठमाडौँ ।**
प्रतिनिधिसभामा आगामी आर्थि वर्ष २०८२÷८३ को वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा समेटिएका विषयहरू बर्सेनि दोहोरिने तर कार्यान्वयनमा नजाने प्रवृत्ति दुःखद रहेको सांसदहरूले बताएका छन । बिहिवारको बैठकमा सांसदहरूले छलफलका क्रममा दिइएका सुझावलाई मनन गर्नुपर्ने र सोही अनुसार ठोस योजना बनाउनुपर्ने सुझाव दिए ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद प्रकाश ज्वालाले संविधान पुनरावलोकन गरेर कार्यान्वयनमा देखा परेका समस्या पहिचान गरी समाधान खोज्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, ‘यो नीति तथा कार्यक्रममा संविधान संशोधनका बारेमा एउटा लाइन मात्र उल्लेख गरिएको छ, तर त्यसका लागि ठोस कार्ययोजना प्रस्तुत गरिएको छैन । राष्ट्रिय सहमतिकासाथ जनमुखी र अग्रगामी एजेन्डा सम्बोधन हुनेगरी संविधान संशोधन गरौँ भन्ने प्रस्ताव छ ।’

सांसद ज्वालाले राष्ट्रिय सहमतिकासाथ जनहितका लागि संविधान संशोधन गर्नुपर्नेमा जोड दिए । सङ्घीयता सबलीकरणका लागि खर्चिलो निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने, संवैधानिक आयोगसहितका संरचना घटाउने, महिला, दलितलगायत पछाडि पारिएका वर्ग तथा समुदायको अधिकार सुनिश्चित गर्नेगरी संविधानलाई समय सान्दर्भिक र जनमुखी बनाउने उद्देश्यले संशोधन प्रक्रिया अघि बढाउन विशेष जोड दिनुपर्ने उनको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद हरि ढकालले विगतमा पटकपटक दोहोरिएका नीति तथा कार्यक्रमका योजनाहरू हालसम्म लागू नभएको विभिन्न उदाहरणसहित प्रस्तुत गरे । उनले भने, ‘यो नीति तथा कार्यक्रममा कतिपय विषयवस्तु पुराना दोहोरिएका छन् । खाद्यवस्तुमा दुई वर्षभित्र आत्मनिर्भर हुनेगरी कृषिमा लगानी बढाइने भनिएको १० वर्ष भयो, तर खोइ लगानी?’, उनले प्रश्न गरे ।

सांसद ढकालले थप उदाहरण दिँदै भने ‘आव २०७५÷७६ को नीति तथा कार्यक्रममा बुँदा नं ३२ मा मछली उत्पादनमा आत्मनिर्भर हुने, अर्गानिक नेपाल बनाउने योजना तत्काल सुरु गर्ने भनिएको थियो । अहिले माछा किसानको हालत के छ ? विषाक्त माछाहरूले बजार पाएका छन्, तर मुलुकमा उत्पादन भएको माछा बजारको सुनिश्चितता छैन । जैविक मलको उत्पादन तथा अर्गानिक खेतीमा जोड दिने कुरा पटकपटक भनिएको छ, तर सुझाव दिइएका विषय कार्यान्वयनमा आएका छैनन् ।’

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद बीना जैसवालले नीति तथा कार्यक्रममा पुरानै योजना दोहोरिएको भए पनि केही विषयमा भने आशा गर्ने ठाउँ रहेको बताईन । उनले भनिन, ‘यो वर्ष प्रस्तुत गरिएको नीतिमा ‘जेनजी स्टार्टअप’मा लगानी, घरघरमा खानेपानीको पहुँचलगायत विषय कार्यान्वयन हुन सके जनता लाभान्वित हुने छन् ।’रासस

# ‘संविधान कार्यान्वयन गर्ने तीन तहको सरकारबीच समन्वय र सहकार्यको आवश्यकता छ’:मुर्मु



**काठमाडौँ ।**
जनमत पार्टीको नेत्री तथा प्रतिनिधिसभाका सदस्य सोनु मुर्मुले संविधान कार्यान्वनयको सवालमा तीन तहको सरकारकोबीचमा समन्वय र सहकार्यको आवश्यकता औँल्याउनुभएको छ । मोरङ जिल्लाबाट समानुपातिक सांसद बन्नुभएका नेत्री मुर्मुले महिलाको समान सहभागिताको निम्ति ५० प्रशत आरक्षणको व्यवस्था गर्नुपर्ने मागपनि गर्नुभएको छ ।सांसद मुर्मुसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्दादित अङ्श ।

प्रतिनिधिसभाको मुख्य काम भनेको संविधानको मूल मर्मअनुरुप कानुन निर्माण गर्ने र जनताका समसामयिक सवाललाई संसदमार्फत सरकारको ध्यानाकर्षण गराउने हो । कानुन निर्माणको सवालमा जति हुनुपर्ने हो, त्यति भएको छैन । अझैपनि धेरै महत्वपूर्ण कानुन बनाउनुपर्ने छ । जस्तो ः सङ्घीयतासँग जोडिएको शिक्षा, निजामति र प्रहरी ऐनलागतयका धेरै ऐन÷कानुन बनाउनुपर्ने छ । संसद्मा शिक्षा, स्वास्थ्य, बेरोजगारी, बाढीपहिरो भूकम्पलगायत समसामयिक जनताका विषय उठ्छ । तर त्यहाँ उठेका विषयको कार्यान्वयन अत्यन्तै कम हुन्छ । अर्को भनेको संसद्मा राजनीतिक घोचपेच पनि हुन्छ ।

पछिल्लो सयमा राजनीतिक घोचपेच बढी हुने गरेको छ । राजसंस्थावादी र गणतन्त्रवादीबीच पनि संसद्मा चर्चाचर्की हुने गरेको छ । राजनीतिक आरोप प्रत्यारोप पनि बढी नै हुन्छ । संसद्ले आफ्नो काम जे हो त्यही गर्नुपर्छ । कानुनको लागि पहिला विधेयक सरकारले ल्याउने हो । सरकारले संसद्लाई विजनेश दिने हो । सरकारले संसदलाई प्रर्याप्त विजनेश दिन सकेको छैन । संविधान पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । यो दश वर्षको अवधिमा जति हुनुपर्ने हो, त्यति हुन सकेको छैन । संविधान जारी भएपछि दश वर्षको अवधिमा जम्मा २१४ वटा मात्रै कानुन बनेका छन् ।

अहिले पनि २०२० साल, २०२२ सालकै कानुनको आधारमा देश चलिरहेको छ । तर अब सरकारले जतिसक्दो चाँडो पुराना सबै ऐन संशोधन गरेर नयाँ ऐन बनाउनुपर्छ । महिलाको सवालमा भने संविधान कार्यान्वयन भएको छ । महिलाको ३३ प्रतिशत संसद्मा सहभागिता छ । संविधान जारी भएपछि दुई वटा निर्वाचन सम्पन्न भएको छ । यस्लाईलाई संविधान कार्यान्वयनको रुपमा लिनुपर्छ । तर सीमान्तकृत सुमदायको विषयमा संविधानमा लेखिएका धेरै विषय कार्यान्वयन हुन सेकेको छैन । मधेशी सुमदायको हक अधिकार पनि कार्यान्वयन हुन सकेको छैन ।

संविधान कार्यान्वयन गर्ने सवालमा पनि स्थानीय, प्रदेश र सङ्घीय सरकार गरी तीन वटै सरकारको महत्वपूर्ण भूमिका हुन्छ । संविधान कार्यान्वनयको सवालमा तीन तहको सरकारबीचको समन्वय र सहकार्यको आवश्यकता छ ।

संविधान संशोधन गर्न हुँदैन भन्ने होइन । संशोधन गर्नुपर्ने धेरै विषय छन् । निर्वाचनको सवालमा पनि संशोधनको विषय चर्चामा छ । महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य समुदायको विषयमा पनि संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

संशोधनको विषय वर्तमान सरकार गठबन्धनका क्रममा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायत सरकारमा रहेका दलहरुले गरेको सहमति हो । सत्तारुढ दलबीच संविधान संशोधनको विषयमा सहमति भए पनि कुन विषयमा सहमति गर्ने भन्ने कुरा बाहिर आएको छैन । संविधान संशोधन यत्तिकै हावाको भरमा हुने विषय होइन ।

सरकारले चाहेर मात्रै पनि हुँदैन । त्यसको लागि सबैभन्दा पहिला सरकारले सबै प्रतिपक्ष दलको सहमतिमा संविधान संशोधनका विषय बाहिर ल्याउनुपर्छ । त्यसलाई जनतासँग छलफल गर्नुपर्छ ।

विज्ञसँग छलफल गर्नुपर्छ । संविधान बहुमतका आधारमा होइन, सहमतिका आधारमा हुनुपर्छ । संविधान जारी गर्नेबेलामा जसरी सबै दलको सहमति भएको थियो । त्यसैगरी संशोधनमा पनि सहमति हुनुपर्छ । हाम्रो देशका राजनीतकि दल जनताप्रति उत्तरदायी भएको देखिँदैन । राजनीति भनेको स्वंयमसेवा गर्ने क्षेत्र हो । तर नेताहरु देश र जनताको पक्षमा भन्दापनि व्यक्तिगत र पार्टीगत स्वार्थमा लागेको देखिन्छ ।

हरेक पटक बन्ने सरकारले आ–आफ्नो मान्छे वा कार्यकर्ता भरणपोसन नगरी देश र आम जनताको लागि काम गर्नुप¥यो । पछिल्लो समय अध्ययनका लागि विदेश जाने युवाको लर्को छ ।

ती युवालाई देशभित्रै राख्नका लागि सरकारले शिक्षा प्रणालीमा परिवर्तन गर्नुपर्छ । नेपालको शिक्षा प्रणालीलाई सिपमूलक बनाउनुपर्छ । उपयोगी बनाउन पर्छ । शिक्षा नीतिमा बदलाव ल्याई कृषि नीति, सीप मुखी र विज्ञान र प्रविधिमैत्री र शिक्षा नीति बनाउनुपर्छ । रोजगारीका लागि विदेश जाने युवालाई रोक्नका लागि देशभित्रै रोजगारीको सिर्जना गर्नुपर्छ ।

कलकारखाना र उद्योग सञ्चालन गर्न विदेशी लगानीको लागि सहज नीति अपनाउनुपर्छ । देशलाई आत्मनिर्भर बनाउन आर्थिक रुपमा विकास गर्नुपर्छ । सरकारले देशको मुख्य आम्दानीको स्रोत साधनको पहिचान गर्नुपर्छ । त्यसपछि योजना बनाएर कार्यान्वयन गर्नुपर्छ । देश परिवर्तनका क्रममा भएका हरेक सङ्घर्षमा पुरुषको जति योगदान छ । महिलाको पनि त्यति योगदान छ । तर, राज्यका नीति निर्माण तहमा महिलाको सहभागिता कमजोर छ । पहिलाको तुलनामा महिलाको सहभागिता बढ्दै गएको छ । तर जति हुनुपर्ने हो, त्यति हुनसकेको छैन ।

मुख्य गरी कार्यकारी पदमा महिलाको सहभागिता कम छ । महिला राष्ट्रपति, सभामुख, मुख्य सचिव, प्रधानन्यायधीश, महानगरपालिकाको प्रमुख भएका छन् । तर प्रधामन्त्री महिला हुनसकेका छैनन् ।

धेरै राज्यका नीति निर्माण तहमा महिलाको सहभागिता छैन । अहिलेको मन्त्रिपरिषद्मा पनि एक जना मात्रै क्याविनेट मन्त्री हुनुहुन्छ । त्यसैले महिलाको लागि सरकारले हरेक निकायमा ५०% अधिकार सुनिश्चित गर्नुप¥यो । यस्लाई संविधानमै उल्लेख गर्नुपर्छ । अहिले क्षमताको हिसाबले महिला अगाडि आएका छन् । तर अहिलेपनि महिलालाई उपसभामुख, उपाध्यक्ष, उपमेयरमा सिमित गरिएको छ । जनमत पार्टीको अबको योजना संघीयता लाई कहींकतैबाट आँच आउन नदिन दैशैभरी जागरुकता जगाउने हो ।रासस

# ‘पीडितलाई केन्द्रमा राखेर सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउनुपर्छ’

**ललितपुर ।**
गृहमन्त्री रमेश लेखकले पीडितलाई केन्द्रविन्दुमा राखेर सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पु¥याउनुपर्ने बताएका छन ।

राष्ट्रिय मानव अधिकार आयोगले बिहिवार ललितपुरमा आयोजना गरेको ‘महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र सुरक्षा परिषद्ले पारित गरेको प्रस्ताव कार्यान्वयनमा हालसम्मको प्रगति र आगामी कार्यदिशा’ विषयक कार्यक्रममा गृहमन्त्री लेखकले सङ्क्रमणकालीन न्यायको विषयलाई गृह मन्त्रालय र सङ्घीय सरकारले उच्च प्राथमिकतामा राखेको बताए ।

‘सङ्क्रमणकालीन न्यायसम्बन्धी विषय अत्यन्तै महत्त्वपूर्ण र गम्भीर भएकाले योसँग सम्बन्धित कानुनलाई पूर्णता दिएका छौँ । यसअघि, कानुनले पूर्णता नपाउँदा मुद्दा सम्बोधन हुनसकेको थिएन । यौनजन्य हिंसाका पीडित धेरै छन्, बलात्कार र यौनजन्य हिंसामा कुनै मेलमिलाप पनि हुँदैन । सरकार पूर्ण रूपमा पीडितलाई न्याय दिने विषयमा केन्द्रित भई अगाडि बढेको छ, सङ्क्रमणकालीन न्यायका विषयलाई सरकारले यथाशीघ्र सम्बोधन गर्नेछ’, गृहमन्त्री लेखकले भने ।

सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पु¥याउने विषयमा ढिलाइ गर्न नहुनेमा उनले जोड दिए । ‘दुई आयोगका पदाधिकारी सिफारिसका लागि सिफारिस समिति अगाडि बढिसकेको छ, यसपटक बनेको ऐनमा पीडित समन्वय इकाई भनेर गठन भएको छ, नियमावलीमा पनि थप स्पष्ट पारेर पीडितको प्रतिनिधित्व गराउन सकिन्छ । पीडितको सहभागिताबिना सङ्क्रमणकालीन न्याय अगाडि बढ्न सक्दैन । पीडित र आयोगलाई जोड्ने गरी हामी अगाडि बढ्न सक्छौँ’, उनले भने ।

महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्तराष्ट्र सुरक्षा परिषद्ले पारित गरेको प्रस्ताव १३२५ र १८२० ले द्वन्द्वपीडित महिलाको सुरक्षा र सहभागिता प्रत्येक तहमा सुनिश्चितता गर्ने उल्लेख गरेको बताउँदै गृहमन्त्री लेखकले यी विषय कार्यान्वयनलाई सरकारले उच्च प्राथमिकतामा राखेको धारणा राखे ।

‘द्वन्द्वका समयमा नेपाल र नेपालीले ठूलो कष्ट भोग्नुपरेको थियो । समाजमा भएका पीडा र समस्यालाई हामीले सम्बोधन गर्न सकिरहेका छैनौँ, सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्गोमा पु¥याउन सकिएको छैन । अब यी विषय प्राथमिकताका साथ अगाडि बढ्छन् । द्वन्द्वपीडितका पक्षमा कार्यरत सामाजिक संस्था र मानव अधिकार आयोगले सकारात्मक र प्रभावकारी कार्यसम्पादन गरिरहनुभएको छ’, उनले भने ।



गृहमन्त्रालयका निमित्त सचिव जयनारायण आचार्यले द्वन्द्वपीडित महिलाहरूको हकअधिकार सुनिश्चितताका लागि सरकारले निरन्तर योजना र कार्यक्रम बनाएर लागू गर्ने बताए ।

उनले यी विषयलाई स्रोत सुनिश्चितता गरेर तीनै तहका सरकारले समन्वय र सहकार्यका साथ काम गर्नुपर्नेमा जोड दिए ।

मानव अधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले आयोगले सङ्क्रमणकालीन न्यायका सम्बन्धमा गरेका कामको जानकारी गराउँदै प्रस्ताव १३२५ र १८२० कार्यान्वयनमा द्वन्द्वपीडितहरूका समस्या समाधान गर्न गृहमन्त्रालयले योजनाबद्ध कामका साथै सहजीकरण गरिदिनुपर्नेमा जोड दिए । उनले द्वन्द्वपीडितको परिपूरणका लागि आयोगले निरन्तर काम गरिरहने बताए ।

बर्दियाको ठाकुरबाबा नगरपालिकाकी उपप्रमुख बिनाकुमारी भट्टराईले १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा नगरपालिकाले चरणबद्ध रूपमा कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धि, आवश्यकता पहिचान, द्वन्द्वपीडितका लागि विभिन्न कार्यक्रम तय गरेर उहाँहरूको माग र आवश्यकता अनुसार काम गरिरहेको उल्लेख गरिन ।

द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालका अध्यक्ष गीता रसाइलीले संयुक्त राष्ट्रसङ्घको महिला शान्ति र सुरक्षासम्बन्धी तीन वर्षे कार्ययोजनाको समीक्षा, दोस्रो राष्ट्रिय कार्ययोजनाको छलफल र परामर्शमा पीडितहरूको सहभागिता महत्त्वपूर्ण रहेको बताईन । उनले द्वन्द्वपीडित र यौनजन्य हिंसापीडित महिलाको पक्षमा प्रभावकारी रूपमा काम अगाडि बढ्न नसकेको धारणा राखिन ।रासस

# कुष्ठरोग निवारण कार्यक्रमलाई अझ गतिशील र प्रभावकारी बनाउनुपर्छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले निरोगी नेपालको महाअभियानअन्तर्गत कुष्ठरोग निवारण गरिछाड्ने प्रयत्नलाई अझ गतिशील र प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र विभिन्न संस्थाद्वारा बिहिवार आयोजित ‘नेपाल कुष्ठरोग सम्मेलन’ उद्घाटनसत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपालमा प्रति १० हजारमा एकभन्दा तलको सङ्ख्यामा कुष्ठरोगी रहनुलाई सफलताको सूचकका रूपमा लिन सकिने भए पनि रोग पूर्ण उन्मूलन नभएसम्म आफूहरु सन्तुष्ट नहुने बताए ।

उनले पहिला–पहिला पाचनप्रणाली राम्रो होस् भनेर आशीर्वाद दिइने गरेको प्रसङ्ग उल्लेख गर्दै आहारविहार र हेरचाहलाई विशेष ध्यान दिइ जीवन पद्धतिलाई सही ढङ्गबाट अघि बढाउने हो भने स्वस्थ्य रहन सकिने धारणा व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले पञ्चायतकालमा गोलघरमा चिसो भूइँमा राखेर यातना दिइएको सम्झँदै त्यही कारण आफ्नो मिर्गाला ‘फेल’ भएको सन्दर्भ उल्लेख गरे ।

प्रधानमन्त्री ओलीले कुष्ठरोगीलाई हेलाँहोचो नगर्न कानुनमा संशोधन गर्ने र रोग सर्नबाट पनि बच्ने उपायका लागि सरकारले आवश्यक सहजीकरण गर्ने बताए । उनले कुष्ठारोगजस्ता सङ्क्रामक रोग लागिहालेमा नियमित उपचार गर्ने कार्यलाई जागरणकै रूपमै सञ्चालन गर्न आग्रह गरे ।

प्रधानमन्त्री ओलीले कुनै पनि प्रकारका रोग लुकाउनुहुँदैन भन्ने सन्देशसहित आमसञ्चार र सूचना प्रविधिका माध्यमबाट कुष्ठारोग निवारणका लागि जागरण फैलाउन स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गए । रासस

# भारतमा १८ बर्ष नपुग्दै ३० प्रतिशत किशोरी र १३ प्रतिशत किशोर यौन हिंसाको शिकार



नयाँदिल्ली, २५ बैशाख । भारतमा ३० प्रतिशतभन्दा बढी केटीहरू र १३ प्रतिशत केटाहरूले सन् २०२३ मा १८ वर्षको उमेर नपुग्दै यौन हिंसाको अनुभव गरेको तथ्यांक सार्बजनिक भएको छ।

द ल्यान्सेट जर्नलमा प्रकाशित एक विश्लेषण अनुसार सन् १९९०–२०२३ को बीचमा २०० भन्दा बढी देशहरूमा बालबालिका विरुद्धको यौन हिंसाको व्यापकता बढेको अनुमान गरिएको छ ।

त्यसो त दक्षिण एसियामा बालिकाहरूका लागि सबैभन्दा बढी दर भारतमा रेकर्ड भएको छ भने कम बंगलादेशमा रहेको छ।

जसअनुसार बंगलादेशमा ९.३ प्रतिशत र ३०.८ प्रतिशत रहेको देखिएको छ। साथै, विश्वभर पाँच मध्ये १ केटी र सात मध्ये एक केटाले १८ वर्षको उमेर नपुग्दै यौन हिंसा भोगिरहेका छन्।

इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एण्ड इभ्यालुएसन, युनिभर्सिटी अफ वाशिंगटन, अमेरिकाका अन्वेषकहरूले पनि पत्ता लगाए कि उप सहारा अफ्रिकामा १८ वर्ष मुनिका केटाहरू बीच यौन हिंसाको उच्च दर रहेको थियो । जसअनुसार जिम्बाब्वेमा करिब ८ प्रतिशतदेखि कोट डिआइभोरमा २८ प्रतिशतसम्म रहेको देखिएको छ ।

बालबालिका विरुद्ध हुने यौन हिंसा जनस्वास्थ्य र मानव अधिकारको महत्वपूर्ण मुद्दा हो। यौन दुव्र्यवहारका परिणामहरूले मानसिक स्वास्थ्य अवस्थाहरूको जोखिम बढाएर व्यक्तिको दीर्घकालीन स्वास्थ्यलाई असर गर्ने गरेको उनीहरूको भनाइ रहेको छ ।

यो अध्ययन विश्वव्यापी अनुमानहरू प्रदान गर्ने पहिलो मध्ये एक बालबालिका विरुद्धको यौन हिंसाको व्यापकतामा डेटाको लागि सार्वजनिक रूपमा उपलब्ध भण्डारहरूको समीक्षा गरिएको हो ।

'हामीले अनुमान गरेका छौँ कि बालबालिका विरुद्धको यौन हिंसा को विश्वव्यापी उमेर मानकीकृत प्रचलन २०२३ मा महिलाहरूको लागि १८.९ प्रतिशत र पुरुषहरूको लागि १४.८ प्रतिशत देखियो' अध्ययन प्रतिबेदनमा भनिएको छ ।

टोलीले यो पनि भन्यो कि किशोर र युवा वयस्कहरू बीच यौन हिंसाको पहिलो एक्सपोजर १८ वर्ष भन्दा पहिले विश्वका लगभग ७० प्रतिशत पुरुष र महिलाहरूले गरेका थिए ।एजेन्सी

# हलगोरु पाल्ने एक सय अठहत्तर किसानले पाए पोषणभत्ता

**बागलुङ ।**
यहाँको काठेखोला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई पोषणभत्ता वितरण गरेको छ । गाउँपालिकाले 'गोरुलाई पोषण, कृषकलाई प्रोत्साहन' नीति तथा कार्यक्रमअन्तर्गत १७८ हलगोरु पाल्ने किसानलाई पाँच हजार रुपैयाँ का दरले पोषणभत्ता वितरण गरेको हो ।

परम्परागत तरिकाले खेतबारी जोत्नका लागि प्रयोग गरिने गोरुलाई संरक्षण गर्दै किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले आठ लाख ९० हजार रुपैयाँ पोषणभत्ता सोझै किसानको हातमा पु¥याइएको अध्यक्ष राजु थापाले बताए ।

उनले गाउँपालिकाभित्र हलगोरु पाल्ने किसानको तथ्याङ्क सङ्कलन गरेर १७८ जनालाई पाँच हजार रुपैयाँ का दरले पोषणभत्ता प्रदान गरिएको बताए ।

'हलगोरु पाल्ने र जोत्ने परम्परा हट्दै जान थालेपछि यसको संरक्षणका लागि कार्यक्रम अघि बढाएका थियौँ, हाल १७८ किसानले लाभ उठाउनुभएको छ । पालिकाले गोरु संरक्षण र मलमूत्रको उपयोगिता बढाउनका लागि पहिलो पटक यो कार्यक्रम ल्याएको हो', अध्यक्ष थापाले भने, 'गाउँपालिकाले यस कार्यक्रमलाई निरन्तरता दिन्छ, दूध उत्पादन गर्ने किसानले प्रतिलिटर साढे दुई रुपैयाँका दरले अनुदानसमेत पाएका छन्भने वडास्तरमा माइनर ल्याब स्थापना गरी पशु सेवा दिइएको छ ।'

आधुनिकताको नाममा मिनी टिलर हलो वितरण हुन थालेपछि परम्परागत गोरुपालक किसानलाई समस्यामा परेको महसुसपछि यस्तो कार्यक्रम ल्याइएको गाउँपालिकाले जनाएको छ । 'विभिन्न स्थानीय तहमा कृषिमा आधुनिकीकरणका नाममा मिनी टिलर हलो वितरण गर्ने लहडै चलेको तर हामीले गाउँ–गाउँमा परम्परागतखेती गर्नका लागि हलगोरु नै उपयुक्त देखेका छौँ । कृषिमा मलमूत्रको प्रयोग अपरिहार्य रहेकाले किसानलाई प्रोत्साहन गर्न यो अभियान सुरु गरेका हौँ', अध्यक्ष थापाले भने ।

गाउँपालिका पशु शाखा प्रमुख होमबहादुर थापा गोरु पाल्दा वातावरणमा सकारात्मक प्रभाव पर्ने भएकाले यसलाई जोगाइ राख्नुपर्ने आवश्यकता देख्नुहुन्छ । त्यसैकारण पालिका आफैँले यो अभियानको सुरुआत गरेको उनले बताए ।

गाउँपालिका–७ रेशका गोरुपालक किसान डम्मरबहादुर थापाले गोरु पाल्ने किसानले पहिलोपटक सहयोग पाउँदा सम्मानको महसुस गरेको बताए । उनले रेशमा आफूजस्ता हलगोरु पाल्ने पाँच जना किसानले अनुदान पाएको बताए ।

काठेखोला गाउँपालिकाले किसानलाई प्रोत्साहनका लागि दूधमा समेत अनुदान दिन थालेको प्रमुख प्रशासकीय अधिकृत चुर्णबहादुर कार्कीले जानकारी दिए । यस्तै, किसानलाई निःशुल्क रूपमा पशुलाई औषधि वितरण र ९२ वटा गाईभैँसीको नस्ल सुधारका लागि कृत्रिम गर्भाधान गराइएको उनले बताए । पालिकाले नयाँ बाख्रा पकेट विकास कार्यक्रममार्फत अनुदान र पशुपक्षी फार्म यन्त्रिकीकरणमा सहयोग गरिरहेको छ ।रासस

# 'कोरिया कमाई र सीप भैँसीपालनमा'

**स्याङ्जा ।**
दक्षिण कोरियामा १० वर्ष बिताउनुभएका स्याङ्जा चापकोटका दुई दाजुभाइले गाउँ फर्केर कृषिउद्यम सुरु गरेका छन । यहाँका उत्तम आचार्य र वीरेन्द्र आचार्यले विदेशमा कमाएको धन आफ्नै गाउँमा भैँसीपालनमा खर्चिएका छन ।

विसं २०७३ देखि सुरु गरेको सिद्धबाबा एग्रो फार्म एन्ड रिसर्च सेन्टर प्रालि हाल गण्डकी प्रदेशमै ठूलोमध्येको एक भैँसी फार्मको पहिचान बनाएको छ । दश वर्ष कोरियामा सिकेको सीप र कमाएको पैसा लगानी गरेको उक्त फर्ममा ६७ वटा गुजराती र मुर्रा जातका भैँसीहरू छन् । हाल फर्मबाट दैनिक १८५ देखि २०० लिटरसम्म दुध उत्पादन भइरहेको छ । यसका साथै गोबर र मूत्रलाई जैविक मलका रूपमा बिक्री गरेर आम्दानी भइरहेको छ ।

आचार्य दाजुभाइ कोरियामा रहँदा सिकेको आधुनिक पशुपालन प्रविधिलाई नेपालमै प्रयोग गरिरहेको बताउछन । कोरियाबाट फर्किएपछि सुरुमा काठमाडौँमा होटल व्यवसायमा लागे पनि पछि गाउँमै आएर हार्डवेयर व्यवसाय र भैँसीपालन सुरु गरेको दाई उत्तमको भनाइ छ ।'फार्म सञ्चालनका क्रममा हालसम्म तीन करोड रुपैयाँ भन्दा बढी लगानी भइसकेको छ । सञ्चालनको सुरुआतमा २५ प्रतिशत विश्व बैङ्क, २५ प्रतिशत नेपाल सरकार र बाँकी ५० प्रतिशत लगानी आफैले गरेका थियौँ', उनहरूले भने,'फार्ममा प्रत्यक्ष रूपमा १० जनाले रोजगारी पाएका छन्भने अप्रत्यक्ष रूपमा थप धेरैलाई कामको अवसर सिर्जना भएको छ ।' भाई वीरेन्द्र फार्ममा दिनहुँ आँफै खट्ने गरेको बताउछन । बिहानै फार्ममा पुगेर दूध प्याक गर्ने, क्यानमा राख्ने, होम डेलिभरी गर्ने र बिक्री नभएको दूधबाट पनिर उत्पादन गर्ने काम दिनहुँ भइरहेको उनको भनाइ छ । अब हरेक युवाले आफ्नै देशमा भविष्य खोज्नुपर्छ भनेर आफूहरू यस कार्यमा लागेको आचार्यले बताए । 'कुनै समय कोरियामा राम्रो जीवन बिताएका थियौँ । विदेश गएर अनुभव हासिल गर्नु राम्रो हो तर उतै बसेर हुँदैन । आफ्नो देश र माटो आफ्नै हुन्छ । त्यसैले विदेशबाट फर्किएर हामीले आफ्नै गाउँठाउँमा लगानी ग¥यो । कृषि क्षेत्रमा लगानी गर्न सके देशमै राम्रो गर्न सकिन्छ', आचार्य दाजुभाइले एकैस्वरमा भने ।

हाल यस कार्यबाट चापाकोटका धेरै युवाहरू कृषिप्रति आकर्षित भइरहेका छन् । स्थानीय निकाय र राज्यले कृषिउद्यमलाई सम्मानित तथा प्रोत्साहन बनाउन सहयोग गरे धेरैले यसैमा भविष्य खोज्ने उनिहरूको विश्वास छ । 'देशमै भविष्य खोजेका कृषकलाई राज्यबाट पर्याप्त सुविधा नभएको महसुस हुन्छ । कहिलेकाहीँ भैँसीलाई मिल्क फिभर जस्ता रोग लाग्छन्, भैँसीको बिमा र स्वास्थ्य उपचार निःशुल्क छैन । अन्य धेरै पालिकाहरूमा प्रतिलिटर दूधमा रु दुईदेखि १५ सम्म अनुदान दिइए पनि चापाकोट नगरपालिकाले कुनै अनुदान दिएको छैन । यसबारे सोच्नुपर्छ', सञ्चालक आचार्य दाजुभाइले भने ।रासस

# १४ सदस्य गुमाएका पाकिस्तानी आतंकवादीले भने 'न मलाई पछुतो छ, न निराश नै छु'

**इस्लामवाद ।**
जैश ए मोहम्मदका प्रमुख र घोषित अन्तर्राष्ट्रिय आतंकवादी मौलाना मसूद अजहरले 'अपरेशन सिन्दुर'को हमलाका बारेमा मुख खोलेका छन् ।

काश्मिरको पहलगाम आतंकवादी हमलाको बदला लिन भारतले 'अपरेशन सिन्दूर' अन्तर्गत गरेको लक्षित हवाई हमलामा आफ्नो परिवारका १० सदस्य र उनका चार सहयोगी मारिए पछि उनले मुख खोलेका हुन् ।

बहावलपुरको जामिया मस्जिद सुभान अल्लाहमा जैश ए मोहम्मदको मुख्यालयमा भएको आक्रमणमा मारिनेहरूमा उनको जेठी बहिनी, बहिनीका पति, एक भतिजा र उनकी श्रीमती, एक भान्जी र परिवारका पाँच छोरा छोरीहरू समावेश थिए भनेर अजहरले जानकारी दिएको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

मे ७ को रातमा भारतले गरेको 'अपरेशन सिन्दूर' पछि परिवारका १४ सदस्य गुमाएका अजहरले आफूलाई कुनै पछुतो र निराशा पनि नरहेको प्रारम्भिक प्रतिक्रिया दिएका छन । उनले भने, "बरु मेरो मनमा बारम्बार यही विचार आउँछ कि म पनि चौध सदस्यको यो खुसी कारवाँमा म किन सामेल हुन सकिन," अन्तर्राष्ट्रिय आतंकवादीले भने, 'उनीहरूको जाने समय आएको थियो, जानु भयो तर भगवानले उनीहरूलाई कहिल्यै मार्नु हुन्न।' उनले यो भने कि मारिएकाहरू अल्लाहका पाहुना बनेका छन्।५६ वर्षीय मसूद अजहर संयुक्त राष्ट्र सुरक्षा परिषद्वारा अन्तर्राष्ट्रिय आतंकवादीको सूचीमा रहेका छन । भारतमा धेरै आतंकवादी हमलाको योजनामा संलग्न रहेको उनी माथी आरोप छ।

जसमा मुख्यतया २००१ को भारतको संसदमा हमला, २००८ को मुम्बई हमला, २०१६ को पठानकोट हमला र २०१९ को पुलवामा हमलालगायतमा उनको सहभागिगता रहेको जनाउँदै आइएको छ। यी अन्तराष्ट्रिय आतंकवादी पाकिस्तानमा रहेको कुरा 'ओपन सेक्रेट' भए पनि इस्लामाबादले बारम्बार उनीबारे कुनै जानकारी नभएको कुरा अस्वीकार गर्दै आएको थियो ।'आज राती, मेरो परिवारका दस सदस्यहरू सँगै यो खुशीको साथमा आशिष् पाएका छन ।यसमा पाँच निर्दोष बच्चाहरू, मेरी जेठी बहिनी, उनको आदरणीय पति, मेरो विद्वान भतिजा र उनी पत्नी र मेरो प्यारो विद्वान भाञ्जी, मेरो प्यारो भाइ हुजैफा र उनकी आमा, दुई अन्य प्रिय साथीहरूले सहादात प्राप्त गरेका छन्, उनीहरूलाइ अल्लाहले बोलाउनु भएको छ,' उनले भने ।एजेन्सी

# भारत पाकिस्तान लडाइमा ४४ जनाको मृत्यु

**इस्लामबाद ।**
भारतको सिन्दुर अप्रेसनमा परी दुवैतर्फ गरी ४४ जनाको मृत्यु भएको छ। पञ्जाब प्रान्त र पाकिस्तान प्रशासित कश्मीरमा कम्तिमा ३१ जना पाकिस्तानी तथा भारतले पनि पाकिस्तानबाट भएको सीमापार आक्रमणमा एक सैनिक सहित १३ जनाको ज्यान गएको जनाएको छ ।

भारतले अप्रिल ७ को रातमा गरेको अचानक आक्रामण पछि दर्जनौं पाकिस्तानी घाइते भएका छन् । पाकिस्तानी प्रधानमन्त्री शेहबाज शरीफले भने, 'हामी हाम्रा निर्दोष सहिदहरूको रगतको बदला लिने छौं।'

पाकिस्तानी संसदलाई सम्बोधन गर्दै प्रधानमन्त्री शहबाज सरिफले भारतको आक्रमणमा पाकिस्तानको सेनाले पाँचवटा भारतीय लडाकु विमान खसालेको दावी गरेका छन् । पाकिस्तानले मस्जिद र सर्वसाधारणलाई आक्रमण गरेको भन्दै अन्तराष्ट्रिय जगतलाई जानकारी दिएको छ।

पाकिस्तानको राष्ट्रिय सुरक्षा समितिले देशको सशस्त्र बललाई भारतको आक्रमणको जवाफ दिन अधिकार दिइसकिएको छ । उसले आफ्नो रोजाइको समय, स्थान र तरिकामा जवाफ दिने अधिकार पाकिस्तान सशष्त्र बलसँग सुरक्षित रहेको समेत बताएका छ ।पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले इस्लामाबादले भारतसँग चौतर्फी युद्धबाट बच्न खोजिरहेको तर त्यसका लागि तयार रहनुपर्ने बताएका छन् ।उता, भारतले आफ्नो हमलाले 'आतंकवादी' तालिम स्थलहरूमा आक्रमण गरेको दाबी गरेको छ ।

साथै, बेलायत, फ्रान्स, जर्मनी, इरान, टर्किए, कतार र युएईलगायत विश्व शक्तिहरूले दुवै आणविक शक्ति सम्पन्न राष्ट्रहरूलाई संयम देखाउन र कूटनीतिमा फर्कन आग्रह गरेका छन्।इरानले शान्ति वार्ताको लागि मध्यस्थता गर्ने प्रस्ताव राखेको छ र इरानका विदेशमन्त्री अब्बास अराघचीले गत दिन भारत र पाकिस्तान दुवैसँग छुट्टाछुट्टै छलफल गरिसकेका छन् ।

भारत र पाकिस्तान प्रशासित कश्मीरलाई विभाजन गर्ने लाइन अफ कन्ट्रोलमा तोपखानाको गोलाबारीको भारी आदानप्रदान भएको रिपोर्ट गरिएको छ ।एजेन्सी

# महेन्द्रनगर बजारः सौन्दर्यीकरणका कामसँगै थपियो उत्साह

**कञ्चनपुर ।**
एसियाली विकास बैङ्क (एडिबी) को सहयोगमा महेन्द्रनगरमा अपाङ्गमैत्री पैदलमार्गसहितको १४ किलोमिटर सडक निर्माण गरिएको छ । महेन्द्रनगर बजारका पाँचवटा गल्ली आठ मिटर चौडा गरिएका छन् । जसमा अपाङ्गमैत्री पैदलमार्ग र साइकल लेन निर्माण गरिएको छ ।

गुरुयोजनाअनुसार सहरलाई व्यवस्थित र सुन्दर बनाउन एडिबीको सहयोगमा भीमदत्त नगरपालिकाले क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत बजारलाई आधुनिकीकरण गरेको हो । आयोजनाको पहिलो चरणअन्तर्गत एक अर्ब रुपैयाँ लगानीमा १४ किलोमिटर सडक कालोपत्र गरिएको भीमदत्त नगरपालिकाका सब–इन्जिनियर पवन लेखकले जानकारी दिए । उनका अनुसार यहाँ २२ किमी ढल निकास, बजार क्षेत्रमा चार किलोमिटर रेलिङ र ७७६ वटा लाइट तथा आठवटा हाइमास्ट लाइटसमेत जडान गरिएका छन् ।

'बजार क्षेत्रमा साइकल लेन निर्माण गरेका छौ, १४ किलोमिटर कालोपत्र सडकमा अपाङ्गमैत्री पैदलमार्ग निर्माण भएको छ', सब–इन्जिनियर लेखकले भने, 'बजारका विभिन्न स्थानमा सौन्दर्यका लागि पार्कसमेत निर्माण गरिएका छन् । बिजुलीका पोल र टेलिफोन तार व्यवस्थित गरिएको छ । पार्किङ व्यवस्थापन गरिएको छ ।' पहिलो चरणको काम सम्पन्न भइसकेको र समस्या देखिएका केही स्थानमा निर्माण कम्पनीले मर्मत गरिरहेको उनले जानकारी दिए ।

लेखकका अनुसार अब दोस्रो चरणअन्तर्गत आठ किलोमिटर सडक र दश किलोमिटर ढल निकासका लागि रु ६६ करोड बजेट स्वीकृत भएको छ । आधुनिक सडक निर्माणका लागि ठेक्का आह्वान गर्ने तयारी भइरहेको छ ।

तत्कालीन राजा महेन्द्रले गुरुयोजनाअनुसार महेन्द्रनगर बजारको निर्माण गरेको यहाँका जानकारहरु बताउँछन । विसं २०१८ मा उनले ब्रह्मदेवको बजारलाई महेन्द्रनगर सार्न आदेश दिएका थिए । त्यतिबेला बेलौरीमा रहेको सदरमुकाम पनि महेन्द्रनगर सारिएको थियो ।

स्थानीय पर्यटन व्यवसायी जगदीशचन्द्र भट्ट बजारलाई थप व्यवस्थित गर्न सके यो सहर हेर्न लायक बन्ने बताउछन । 'महेन्द्रनगर बजार आकर्षक, व्यवस्थित र सुरक्षित छ, यसले गर्दा यहाँ लगानीकर्ताहरू पनि आकर्षित भइरहेका छन ', उनले भने, 'हाल निर्माण भएको अपाङ्गतामैत्री पैदलमार्ग र साइकलन लेनले बजारको सुन्दरता थपेको छ । यसले व्यापार व्यवसायमा समेत थप टेवा पुगेको छ ।'

महेन्द्रनगरमा फरक पहिचान र विशेषता बोकेका पाँचवटा गल्ली र व्यापारिक केन्द्र भएकाले यसलाई नगरपालिकाले थप व्यवस्थित गर्नुपर्ने यहाँका व्यवसायीहरूको माग छ । 'हाल आधुनिक बजार बनेको छ, यहाँ निर्माण भएका गल्लीहरू पर्यटकहरुका लागि आकर्षक छन', व्यवसायी कृष्णानन्द भट्टले भन्छन, 'अब बजार क्षेत्रमा भएका पोल व्यवस्थापन गरी तारलाई भूमिगत गर्न सकिए सुन्दरता थपिने छ । सडक किनारामा हरियाली र थप लाइटिङ व्यवस्थापन गर्न सके महेन्द्रनगर बजार थप राम्रो हुनेछ ।'



स्थानीय इन्द्र साउद परम्परागत स्वरप नबिर्गिने गरी गुरुयोजनाअनुसार बजार व्यवस्थापन गरिनुपर्ने र सौन्दर्य बिगार्ने गरी बनाइने संरचना र अतिक्रमणमा कडाइका साथ प्रास्तुत हुनुपर्ने धारणा राखेका छन।

तत्कालीन राजा महेन्द्रले बसाएका कारण यस बजारको नाम महेन्द्रनगर नामकरण गरिएको हो ।

महेन्द्रनगरमा फरक पहिचान र विशेषता बोकेका पाँचवटा गल्ली छन् । हरेक गल्लीको आफ्नै विशेषता छ । पहिलोगल्ली नं एकमा मेडिकल, हार्डवेयर पसलहरू बढी छन्भने गल्ली नं २ मा बैङ्क, छापाखाना, इलेक्ट्रोनिक र किराना पसलहरू छन् । यस्तै, गल्ली नं ३ मा अधिकांश मेडिकल छन्भने केही होटल र बैङ्क पनि छन् । यसैगरी, गल्ली नं ४ मा होटल, मेडिकल र बैङ्क तथा गल्ली नं ५ मा पुस्तक पसल तथा बङ्कहरू बढी छन् । यहाँको मदन चोकदेखि बसपार्क मञ्चलाइनमा होटल तथा फैन्सी पसलहरू छन् । महेन्द्रनगरको गल्ली नं ५ सबैभन्दा बढी भीडभाड हुने क्षेत्र हो ।

यसलाई क्याम्पस रोड समेत भनिन्छ । यहाँका हरेक गल्ली विपद्का बेला सहजै दमकल र एम्बुलेन्स आवतजावत गर्न सक्नेगरी निर्माण गरिएका छ । यहाँ बजारको छेउमा खुलामञ्च छ, जहाँ विभिन्न कार्यक्रम र खेलकुद सञ्चालन हुन्छन् ।य

हाँको व्यापार–व्यवसाय प्रमुख राजमार्ग र ग्रामीण बस्तीसम्म विस्तार भएको छ । व्यापारिक दृष्टिकोणले महत्वपूर्ण मानिने महेन्द्रनगर भारतका ठूला औद्योगिक सहर नजिक रहेकाले पनि बढी महत्वको छ ।

एडिबीले सहर सौन्दर्दीकरणका लागि परेको सहयोगले बजारलाई थप आकर्षक र व्यवस्थित बनाउने काम भएपछि स्थानीय व्यापारी उत्साहित भएका छन् ।रासस

# सुन्दरबजारबाट बसाइँसराइ गर्नेको सङ्ख्या बढ्यो

**लमजुङ ।** जिल्लाको सुन्दरबजार नगरपालिकाबाट अन्यत्र बसाइँ सर्नेको सङ्ख्या पछिल्लो समय बढेको छ । चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म ७२ परिवारका एक सय ९८ जना यहाँबाट अन्यत्र बसाइँ सरेका हुन् ।

नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका एमआइएस अपरेटर सन्तोष पोखेरलले गत आवमा २८ परिवारका ९३ जना बसाइँ सरेकामा चालु आवको चैतसम्म त्यो सङ्ख्या दोब्बरले बढेको जानकारी दिए । उनका अनुसार नगरभित्र पनि अन्यत्रबाट बसाइँसराइ गरी आउनेको सङ्ख्या बढेको छ । गत आवमा १३ परिवारका २७ जना सुन्दरबजार आएका थिए भने चालु आवको चैत मसान्तसम्म ३९ परिवारका एक सय २० जना नगरमा बसाइँसराइ गरी आएका पोखेरलले उल्लेख गरे ।

एघार वडा रहेको सुन्दरबजार नगरपालिकाका केही वडामा बजार विस्तार तीव्र गतिमा भइरहेका छन् भने केही वडा अझै ग्रामीण र दुर्गम अवस्थामा छन् । ग्रामीण वडाबाट बजार क्षेत्रमा बसाइँ सर्ने प्रवृत्ति बढ्दो रहेको पोखेरलले बताए । बजार क्षेत्रबाट ठूला सहरतर्फ बसाइँसराइको गति तुलनात्मक रूपमा केही कम रहेको उनको भनाइ छ ।

चालु आर्थिक वर्षमा सबैभन्दा बढी सुन्दरबजार–३ बाट १४ परिवारका ४१ जना र सबैभन्दा कम वडा नं ५ र १० बाट दुई–दुई परिवारका छ–छ जना बसाइँ सरेका पोखेरलले जानकारी दिए ।

बसाइँसराइ बढ्नुका मुख्य कारण शिक्षा, स्वास्थ्य, रोजगारी र लगानीको खोजी रहेका नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत विवेककुमार पण्डितले बताए । 'बसाइँसराइ रोक्न स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना गर्नु, प्राविधिक शिक्षालय सञ्चालन तथा लगानीको वातावरण बनाउनेतर्फ पालिकाको प्राथमिकता हुनुपर्छ', उनले भने ।

नगरप्रमुख कृष्णप्रसाद कोइरालाले सुन्दरबजारबाट बाहिरिनेको सङ्ख्या भित्रिनेको भन्दा बढी हुनु नगरका लागि चिन्ताको विषय बनेको बताए । उनले भने, 'पालिकाले रोजगारी तथा सेवा प्रवाह सहज हुने कार्यक्रम लागू गरिरहेको छ । बसाइँसराइको कारण पहिचान गरी समाधानको उपाय अवलम्बन गर्दै अगाडि बढ्नेछौँ ।'

उनका अनुसार आर्थिक सम्पन्नता, शिक्षा, स्वास्थ्य उपचार, रोजगारी, व्यापार व्यवसाय, पारिवारिक सम्पर्कलगायत विविध कारणले नगरवासी ठूला सहरतिर बसाइँ सरिरहेका छन् ।रासस

# 'माथागढी पार्क' स्थानीय सरकारलाई हस्तान्तरण

**पाल्पा**

जिल्लाको माथगढी गाउँपालिका–५ मा रहेको ऐतिहासिक माथागढी उद्यान पार्क निर्माण गरी माथागढी गाउँ सरकारलाई हस्तान्तरण गरिएको छ । नेपाली सेना मध्यपश्चिम हेक्डक्वाटर बुटवलको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको उद्यानको पृतनापति उपरथि प्रेमबहादुर पुनले गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीलाई हस्तान्तरण गरेका हुन ।

करिब आठ लाख रुपैयाँ मा नेपाली सेनाले पार्क निर्माण गरेको हो । यो गढी तत्कालीन भूरे राजाले निर्माण गरेका थिए । भूरे राजाको विस्तृत इतिहास थाहा नभए पनि स्थानीय बुद्धिजीवीका अनुसार पाल्पाका सेन राजामध्येका राजाले यस स्थानमा गढी बनाइ बसेको र पछि राजाले यस स्थान छाडेर गएको भन्ने भनाइ छ । एक्कासी राजाले यस स्थान छाडेर गएपछि राजा उडेर गए भन्ने किंवदन्ती रहेको स्थानीय ज्येष्ठ नागरिक बताउँछन् । नेपाल अंग्रेज युद्धको दौरानमा यहाँको गढीलाई बलियो बनाई तत्कालीन कर्णेल उजीरसिंह थापाले दक्षिण पूर्वीभागबाट हुनसक्ने सम्भावित अंग्रेज फौजको हमलाको विरुद्ध रक्षात्मक लडाई लड्न तीन सय जनाको टुकडी यस गढीमा तैनाथ गरेका भन्ने जानकार बताउँछन् ।

'दक्षिण जीतगढीतर्फको असफलतापछि पाल्पा आक्रमणका क्रममा अंग्रेज फौजले दक्षिण पूर्वीदिशाबाट हमलाका लागि अंग्रेज फौज आइरहेको हल्लापछि कर्णेल उजीरसिंहले यस किल्लालाई मजबुद बनाउँदै फौज तैनाथ गरेका थिए । अंग्रेज फौजलाई बाटो देखाउने तत्कालीन पाल्पा राज्यका सल्लाहकार कनकनिधि तिवारी नदीमा बिहानको स्नान गर्न गएका बेला मारिएपछि अंग्रेज फौजले बाटो पत्ता लगाउन नसकी यस गढीमाथि हमला गर्न सकेनन् । साथै जीतगढी र नुवाकोट गढीमा अंग्रेज फौजलाई रोक्न नसकेको अवस्थामा यस गढीमा आई लड्ने वैकल्पिक योजनासहित किल्लाका रुपमा गढीको स्थापना भएको हो इतिहास छ', अध्यक्ष चिदीले भने ।

उनका अनुसार यहाँ ठूलो कडावाला तमौरामा तत्कालीन युद्धमा प्रयोग गरिने धनुष, काँडा र तरवारजस्ता युद्ध सामग्री देख्न पाइन्छ । नजिकैको झुम्सा खोलाको ढुङ्गाको प्रयोग गरी गढीको निर्माण गरिएको भन्दै उनले गढी वरिपरि करिब चार वटा ट्रेन्च (गाली) र क्रोलिङ ट्रेन्च (घिस्रिने नाली) रहेका बताए । नेपाल अंग्रेज युद्धपछि पनि विसं २००७ मा नेपाली फौज उक्त गढीमा बसेको थियो ।

सांस्कृतिक रुपमा पनि यस गढीको छुट्टै महत्त्व रहेको छ । किंवदन्ती अनुसार स्थानीयको सपनामा आएर शक्ति स्वरुपिणी कालीले आफूले यस स्थानमा बस्ने इच्छा गरेकी थिइन् । यदि साच्चिकै शक्ति हौँ, भने यस स्थानमा रहेको ठूलो चिलाउनेको रुखलाई सोही राति चट्याङले तहसनहस गरी प्रमाणित गर्न र आफूले मन्दिर स्थापना गर्ने भाकल गरेपश्चात् सोही राति चट्याङ लागि रुख तहसनहस भएपछि यस स्थानमा माथागढी कालिका देवीको मन्दिर स्थापना गरिएको जनविश्वास रहिआएको छ । हालसम्म पनि यस स्थानमा देवीको शक्ति पूजा हुने गर्छ ।

यहाँ सेनाले अहिले पार्क निर्माण गरी संरक्षण गर्न भन्दै स्थानीय सरकारलाई हस्तान्तरण गरेको हो । उक्त गढीको पार्क हस्तान्तरण गर्दै पृतनापति पुनले ऐतिहासिक स्थल र सम्पदाको संरक्षणको लागि नेपाली सेनाले सहयोग पु¥याउँदै आएको बताए । उनले स्थानीय नागरिक र नेपाली सेनाको सम्बन्ध सुमधुर बनाउनुका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

गाउँपालिका अध्यक्ष चिदीले इतिहासलाई जीवन्त राख्न यस्ता सम्पदाको प्रचारप्रसार र संरक्षण, प्रवद्र्धन गर्न आवश्यक रहेको बताउँदै पालिकाले ऐतिहासिक स्थलको संरक्षणमा सहयोग गर्ने उल्लेख गरे ।

सहायक प्रमुख जिल्ला अधिकारी भक्तिसरा रानाले आमनागरिकलाई पुराना सम्पदाको महत्त्व बुझाउँदै भावीपुस्तामा हस्तान्तरण गर्न आवश्यक रहेको औँल्याए ।

दि फेमस महेन्द्र दल गणका गणपति भूपेन्द्र गुरुङले जिल्लामा रहेका मठमिन्दरको संरक्षण र संवद्र्धनमा नेपाली सेनाले सघाउँदै आएको बताए ।

उनका अनुसार नेपाल अंग्रेज युद्धका साथै नेपाल एकीकरणका बेला प्रयोग भएको गढी किल्लाको संरक्षण गरी प्रचारप्रसार गर्ने उद्देश्यले सौन्दर्यकरण गरिएको छ ।

सेनाले यहाँका ऐतिहासिक कोट, गढी, किल्लाको संरक्षण गर्ने र इतिहास जोगाउने काम गर्दै आएको छ । सेनाले यसअघि छ दिने पदयात्रामा निस्किएर यहाँका गडीको अवलोकन, निरीक्षण गरेको थियो । यहाँ ऐतिहासिक बाकुमगढी, माथागढी, तानसेन र नुवाकोट गढी तथा जीतगढी किल्ला रहेका छन् ।रासस

# किसानद्वारा उत्पादित खाद्य वस्तुको बजार सुनिश्चित गर्न माग

**काठमाडौं ।** सांसदहरुले किसानले उत्पादन गरेका खाद्य वस्तुको बजार सुनिश्चितको माग गरेका छन । बिहिवार प्रतिनिधि सभा बैठकमा आगामी आर्थिक वर्ष २०८२ ÷८३ को लागि सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा उनिहरुले मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउनका लागि बजार सुनिश्चिताको माग गरेका हुन ।

बैठकमा सांसद सुशीला श्रेष्ठले गत वर्षको भन्दा यसपटक संशोधन सङ्ख्या बढेको र नयाँ कुरा आएको जनाउँदै आएका संशोधन र सुझाव समावेश गरेर नीति बन्नेमा विश्वास व्यक्त गरेका छन ।

'विरोधका लागि विरोध गर्ने प्रचलन अन्त्य हुनुपर्छ । राम्रा कुरालाई लिएर नराम्रा कुरालाई सच्याएर एकताको आधारमा अगाडि बढ्नु राम्रो हुन्छ,' उनले भने, 'यसपटक फजुल खर्च रोक्ने नीति आएको छ । सरकारले अनलाईन सेवा विस्तार गर्ने कुरा धेरै राम्रो छ । किसानले उत्पादन गरेका खाद्य वस्तुको बजार सुनिश्चित गराउने नीतिको प्रभावकारी कार्यन्वयन गर्नुपर्छ ।'

सांसद रामप्रकाश चौधरीले धेरै महत्वकांक्षी कुरा राखिए पनि किसानले सिँचाइ सुविधा नपाउने, मल समयमा नै नपाउँदा उनीहरु चिन्तित रहेको जनाउँदै यी व्यवस्था नीतिमा प्राथमिकता दिन सकेमा कृषि वस्तु आयात प्रतिस्थापन गर्न सहज हुने बताए ।

'हाईड्रोजन ऊर्जा विकास गरिनु, उद्यमशीलता नीति, रोजगारी सिर्जना गर्ने, स्टाटअफ नीति लागू गर्ने नीति स्वागतयोग्य छन्,' उनले भने, 'खानेपानीको समस्या छ ।

खानेपानीको सहज आपूर्ति र गुणस्तरमा ख्याल गर्दै अधुरा खानेपानी आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने छ । जलासययुक्त खानेपानी र जमिनमुनिको पानी पुनर्रभरण गर्नुपर्छ ।'

यसैगरी सांसद योगेन्द्र मण्डलले कृषि उपज वृद्धि गरी मुलुकलाई आत्मनिर्भर बनाउने नीति कार्यन्वयन गर्न चुनौती रहेको बताए । 'राम्रो सिँचाइको व्यवस्था छैन । किसानले समयमा नै मल पाउन सकिरहेका छैनन् । अनि कसरी हुन्छ कृषिमा मुलुक आत्मनिर्भर ?' उनले भने, 'परराष्ट्र नीति सन्तुलित हुनुपर्छ ।'रासस

# बागलुङको अधिकांश खेतीयोग्य जमिनमा अम्लियपना

**बागलुङ ।** बागलुङ नगरपालिका–८ सिगानामा गत आइतबार सञ्चालित माटो परीक्षण शिविरमा ७५ जना किसानले माटो परीक्षण गराए ।

सुन्तलाखेती हुने यहाँको माटोमा अधिकांश अम्लियपना भेटियो । जसका कारण क्रमशः उब्जनीमा ह्रास आइरहेको छ । कृषि ज्ञान केन्द्रले चालु आर्थिक वर्षमा जिल्लाको पाँच स्थानमा गरेको माटो परीक्षण शिविरमा सबैभन्दा बढी सिगानाको माटोमा अम्लियपना भेटिएको जनाएको छ ।

जम्मा ७५ किसानले माटो परीक्षण गराएकामा ६९ किसानले ल्याएको माटोमा अम्लियपना फेला परेको थियो । असन्तुलित मलखादको प्रयोगले माटोको प्राङ्गारिक पदार्थमा कमी आएको कृषि ज्ञान केन्द्र प्रमुख राजेश्वर सिल्वालले बताए । उनले माटोको सही उपचार गर्न किसानलाई सुझाव दिए । जिल्लाका १० स्थानीय तहमध्ये यस वर्ष सात स्थानीय तहमा माटो परीक्षण घुम्ती शिविर गर्ने लक्ष्य लिइएको छ । पाँच स्थानमा माटो परीक्षण शिविर सम्पन्न भइसकेका छन् । स्थानीय तहको सिफारिसमा माटो परीक्षण गर्न थालिएको हो ।

प्रमुख सिल्वालले बागलुङ नगरपालिका, गलकोट नगरपालिका, तमानखोला गाउँपालिका, बडिगाड गाउँपालिका र ताराखोला गाउँपालिकामा ३०९ किसानले ल्याएको माटोको नमूना परीक्षण गरिएको जानकारी दिए । परीक्षण गरिएका मध्ये १७० नमूनामा अम्लियपना तथा १३ नमूनामा क्षारीय तत्व फेला परेको छ । त्यसैगरी १२६ नमूना माटो परीक्षणको रिपोर्ट सामान्य रहेको पाइएको छ ।

कृषि ज्ञान केन्द्रले तमानखोला गाउँपालिका–२ मा ४३ किसानले ल्याएको माटोको नमूना परीक्षण गरेकामा २८ नमूनामा अम्लियपना र १५ मा तटस्थ देखिएको छ । बडिगाड गाउँपालिका–६ मा आयोजना भएको माटो परीक्षण शिविरमा ५८ जनाको नमूना परीक्षण गरेकोमा १३ क्षारीय, १ अम्लियपना र ४४ तटस्थ देखिएको छ ।

ताराखोला गाउँपालिका–२ मा ७५ वटा माटोको नमूना परीक्षण गरिएकामा ५१ माटोको नमूनामा अम्लियपना र २४ मा तटस्थ देखिएको छभने जिल्लाको गलकोट नगरपालिका–४ मा ५८ माटोको नमूना परीक्षण गरेकोमा २१ वटामा अम्लियपना र ३७ वटामा तटस्थ फेला परेको छ ।

'असन्तुलित मलखादले माटो बिग्रँदै गएको छ, माटोलाई समयमा उपचार गर्न आवश्यक छ, पछिल्लो समय प्राङ्गारिक मलको प्रयोग घट्नाले माटोमा अम्लियपना बढी भएको पाइएको छ', केन्द्र प्रमुख सिलवालले भने, 'क्षारीय र अम्लियपनलाई तटस्थमा ल्याउन प्राङ्गारिक मल, हरियो मल प्रयोग तथा र कोसेबाली लगाउन आवश्यक छ ।'

अम्लीय माटोमा कृषि चुना प्रयोग गर्न किसानलाई सुझाव दिएको कृषि ज्ञान केन्दका अधिकृत जमुना भण्डारीले बताए । उनले युरियाको बढ्दो प्रयोगले माटोको अवस्था बिगँरदो भएकाले नाइट्रोजन, फस्फोरस र पोटासको सन्तुलित प्रयोग गर्न सुझाव दिए ।रासस

# बगरमा तरबुजाखेती वनहराका मुक्तकमैयाको आयआर्जनको प्रमुख आधार

**कञ्चनपुर ।** कृष्णपुर नगरपालिका–२ वनहराका मुक्तकमैया परिवारले बगरलाई हराभरा बनाएका छन् । बगर तरबुजा, काँक्रो, लौका, फर्सी, मुला, तोरैयालगायत फल र सागसब्जी लटरम्म छन् ।

बगरमा १०० बढी परिवारले उत्पादन गरेका तरबुजा, काँक्रोलगायतको साजसब्जी बिक्री गर्न मुक्तकमैया परिवारले पूर्वपश्चिम राजमार्ग नजिक टहरा नै बनाएका छन् । यी टहराबाट उनीहरुले तरबुजालगायत फल बिक्री गर्दै आएका छन् । साँझबिहान राजमार्गमा निकै भीडभाड हुने गरेको छ । यो भीड तरबुजा र काँक्रो खरिद गर्ने ग्राहकको हो ।

छ वर्षदेखि बगरमा खेती गर्दै आएका शिवलाल रानाले राजमार्ग छेउको कारोबारले वर्षभरिको घरको खर्च चल्ने बताए । तरबुजालगायत फल बिक्री गरेर दैनिक दुई हजार रुपैयाँ देखि तीन हजार ५०० रुपैयाँ सम्म आम्दानी हुने गरेको उनले बताए ।

वैशाखदेखि असारसम्म तीन लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्मको कारोबार हुने गरेको उनले जानकारी दिए । 'बढी उत्पादन गर्ने परिवारले बढी आम्दानी गर्छन', उनले भने, 'थोरै उत्पादन गर्नेको थोरै आम्दानी हुन्छ ।'

पन्ध्र वर्षदेखि बगरखेतीमा संलग्न बिरा रानाले बगरमा उत्पादन भएको लौका, तरबुजा बिक्री गरी सकेपछि पुनः स्थापना गरिँदा पाइएको जग्गामा पनि खेती गरेकाले तीन महिना सडकमा बसेर तरबुजाको कारोबार गर्दै आएको बताए ।

'कमैयामुक्तिको घोषणापछि वनहरा नदी छेउको जग्गामा पुनः स्थापना गरिँदा घर निर्माण र खेतीका लागि दश कट्ठा जग्गा उपलब्ध गराइएको थियो', उनले भने, 'जग्गामा लगाएको अन्नबालीले चार महिना पनि खान नपुग्ने भएपछि केही वर्ष मजदुरी गरेरै जीविका चलायौँ ।'

'अन्य नदी बगरमा तरबुजा, काँक्रो रोपेको देख्यौँ, हामीले पनि सिक्यौँ, त्यसपछि मजदुरी गर्न छाडेर यसमै भविष्यका सपना बुन्न थाल्यौँ, तरबुजा फलेका छन् । यो खेतीलाई निरन्तरता दिँदै आएका छौँ', उनले भने । घर खर्च सहज रुपमा चलेकाले अरुसँग ऋण लिनुपर्ने अवस्था अन्त्य भएको उनि बताउछन ।

राजमार्ग छेउमै बसेर १४ वर्षीया अस्मिता रानाले पनि तरबुजा बेच्दै आउनुभएको छ । 'बिहान विद्यालय जान्छु', उनले भने, 'त्यसबेला आमाले टहराबाट बेच्नुहुन्छ, विद्यालयबाट फर्केपछि म बेच्छु ।'

टहरामा बसेर तरबुजा बेचेर आउने आम्दानीको केही हिस्सा घर खर्चका लागि राखेर अरु पैसा विद्यालयमा आवश्यक पर्ने पोसाक, कापी कलमलगायतमा खर्च हुने गरेको उनले उल्लेख गरे । वनहरा मुक्तकमैया बस्तीकै ४० वर्षीया पूजा रानाले एक दशकदेखि राजमार्ग छेउमा तरबुजालगायत बिक्री गर्दै आउनुभएको छ ।

वनहरा नदीको बगरमा उनले दश कट्ठा जग्गामा तरबुजाखेती गर्नुभएको छ । 'वैशाख महिनाको पहिलो हप्तादेखि बेच्न सुरु गरेका हौँ', उनले भने, 'अहिलेसम्म ६५ हजाररुपैयाँ भन्दा बढीको बिक्री गरिसकेका छौँ ।' उनका अनुसार प्रतिकिलो तरबुजा ३०रुपैयाँ देखि ४० रुपैयाँ सम्ममा बिक्री हुने गरेको छ ।

बीउबिजन र रासायनिक मलमा गरेर ३० रुपैयाँ देखि ४० हजार तरबुजाखेतीमा भएको थेग्रा राना बताउउछन । रानाले बर्सेनि पाँच लाख रुपैयाँ बढी मुनाफा आर्जन गर्दै आएको बताए । उहने यो महिनामा २० क्विन्टल काँक्रो र ६० क्विन्टल तरबुजा बिक्री गरिसकेका छन ।

'बिहान बगरबाट टिपेर राखेको तरबुजा तथा साजसब्जी साँझ नपर्दै सकिन्छ', नन्दलाल रानाले भने, 'बढ्दो गर्मीका कारण ग्राहकले बढी माग गर्ने गरेका छन् ।'



'अरु क्षेत्रमा बेच्न लैजाँदा ढुवानी खर्च लाग्छ, निकै श्रम गर्नुपर्छ, घर नजिकैको राजमार्गमा सहजै बिक्री हुने भएपछि त्यहीँ टहरा बसेर बच्ने गरेका छौँ', उनले भने ।

पहिले इँटाभट्टामा काम गर्दै आएका तौला राना बगरखेतीबाट मनग्गे आम्दानी हुने थाहा पाएपछि मजदुरी गर्न छाडेर तरबुजाको खेतीमा संलग्न भएको बताउछन । वनहराबाहेक अन्य क्षेत्रका व्यापारीलाई भने त्यस क्षेत्रमा तरबुजा बेच्न भने नपाइने नियम मुक्तकमैयाले बनाएका छन् ।

तरबुजा खरिद गर्न राजमार्ग छेउ पुगेका अमरपुरका अमरबहादुर ऐर वनहराका तरबुजा रसिला हुने हुँदा प्रत्येक वर्ष खरिद गरेर लैजाने गरेको बताउछन ।

'अरु ठाउँको भन्दा यहाँका तरबुजा मीठा र सस्ता छन् । त्यसैले हामी तरबुजा खरिद गर्न हरेक वर्ष यहाँ आउँछौ', उने भने ।रासस

# तराईमधेशमा सशस्त्र प्रहरीको ज्यादती किसानलाई सास्ती

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आमजनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले तराईमधेशमा सशस्त्र प्रहरीको ज्यादती अति नै भएको भन्दै आक्रोश पोखेका छन् । प्रतिनिधिसभाको बैठकमा उनले सीमावर्ती क्षेत्रमा खटिएका सशस्त्र प्रहरीको भूमिकामा प्रश्न उठाए ।



उनले भने, 'हिजो रौतहटको कटहरियामा सशस्त्र प्रहरीको टोलीले टेङगडहा निवासी अनुठा यादव र रामजिनिस साहजी कटहरिया बजारबाट फर्किरहेका थिए, तस्करको चक्करमा मोटरसाइकलमा ठोकिएर मोटरसाइकल ध्वस्त भएको छ । त्यसमा सवार दुई जनाको अहिले आइसियुमा उपचार भइरहेको छ । म गृहमन्त्रीज्यूलाई सोध्न चाहन्छु, यो घटना कसरी भयो ? सशस्त्र प्रहरीले किन यसरी ज्यादती गर्‍यो ? यो घट्नाको विषयमा सदनमा जानकारी गराउनुहोस् । उपचार गराइरहेकालाई भेट्न कोही पनि गएकै छैन, सरकारलाई म भन्न चाहन्छु कि ती घाइतेको उपचारको जिम्मा लिनुहोस् । घटनामा संलग्नलाई कारबाही गर्नुहोस् ।'

पूर्वमन्त्री साहले सरकारका मन्त्री र अफिसरलाई आफ्नो तलबले जीवन निर्वाह गर्न पुग्छ कि पुग्दैन भनेर प्रश्न गरे । उनले भने, 'तपाईंको तलबले पुग्छ कि पुग्दैन ? तपाईंको बुवा, बाजेको सम्पत्तिले आफ्नो खर्च धान्न सक्नुहुन्छ कि हुँदैन ? यदि पुग्छ भने यसरी व्यक्तिको निजी सम्पत्ति किन खोस्नुहुन्छ ? भन्सार नबुझाएकै कारण त्यो चोरीको सामान हुन्छ भने आयकर नबुझाउनेसँग पनि सामान खोस्नुहोस् । सम्पत्ति लुकाउने र सम्पत्तिको कर नुबझाउनेको पनि सम्पत्ति खोस्नुहोस । ठूलाबडाले कर लुकाउँदा नखोस्ने ? अनि भन्सार नबुझाएकै नाममा दिनदहाडै डकैती गर्ने, लुट्ने र कमिसन बाँड्ने ? ४५ प्रतिशत कमिसनकै नाममा तराईका मान्छे दिनदाहाडै लुटिएका छन् । र, उनीहरुको कोही पनि सहारा छैन ।'

किसानले आफ्नै पहलमा भारतबाट अत्यावश्यक सामग्री मलखाद ल्याउँदा प्रहरी प्रशासनले दिनदहाडै लुट्ने काम गरेकामा साहले आक्रोश पोखे । उनले थपे, 'अहिले किसानलाई मलखाद सरकारले दिँदैन, किसानले आफ्नै पहलमा भारतबाट मलखाद ल्याउँदा प्रहरी नाकामा कुरेर बस्छन् अनि लुट्छन । प्रहरीलाई म भन्न चाहन्छु–हत्यारालाई तपाईं पत्ता लगाउन नसक्ने ? बच्चादेखि युवाको जीवन बर्बाद भइरहेको विषय लागुऔषधको जालो तोड्न नसक्ने, यत्तो चोरी–डकैती बढिरहेका छन्, उनीहरुलाई समात्न नसक्ने ? दिनदाहाडै मोटरसाइकल चोरिन्छन्, मोटर खोलिन्छन्, ती चोर एउटा पनि पत्ता लगाउनुहुन्न, तर किसानको खाद समात्नुहुन्छ, नून, चिनी, तेल समात्नुहुन्छ, के ती सामान चोरीका सामान हुन र ?'

सीमा नाकामा जनताले ठूलो सास्ती भोगिरहनुपरेको उनको भनाइ छ । उनले जनताको निजी सम्पत्ति चोरीको सामानजसरी खोस्ने कार्य भएको भन्दै आपत्ति जनाए । इमानदार प्रहरी अधिकारी भएको भए जनताको निजी सम्पत्ति लुट्दैनौँ र कमिसन चाहिँदैन भनेर भन्नसक्नुपर्ने साहको सुझाव छ ।

## क्रिकेट रंगशालामा व्यवधान भए आन्दोलन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले जनकपुरमा क्रिकेट रङ्गशाला निर्माणमा व्यवधान भए आन्दोलन गर्ने चेतावनी दिएका छन् । बिहीबार प्रतिनिधिसभाको शून्य समयमा झाले जनकपुरमा क्रिकेट रङ्गशाला निर्माणका लागि डिपिआरसमेत भइसकेको अवस्थामा यसलाई अगाडि बढाउन ढिलाई भएको भन्दै अब पनि व्यवधान भए आन्दोलन गर्ने चेतावनी दिएका हुन् । लक्ष्मण कुटीका नाममा रहेको १७ बिघा जमिनमा रङ्गशालाको डिपिआर गरेर साढे २ अर्ब रुपैयाँको एउटा अन्तर्राष्ट्रिय रङ्गशालाको परिकल्पना भए पनि अघि बढाउन ढिलाइ गरिएको उनले बताए । उनले खेलकुद परिषद्ले गुठी संस्थानलाई वार्षिक ९ लाख रुपैयाँ तिर्ने गरेकामा अहिले प्रलोभनका कारण भाडा दर ४९ लाख ६० हजार रुपैयाँ बनाइएको भन्दै आपत्ति जनाए । यसमा समृद्ध बिचौलिया, समृद्ध दलाल छिरेजस्तो देखिएको भन्दै उनले जनकपुरका युवाको क्रिकेट रङ्गशालाको परिकल्पनामा कुनै व्यवधान भए आन्दोलन हुने उल्लेख गरे ।

## अनलाइनमार्फत ठगी गर्ने सातजना पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अनलाइन ठगीमा संलग्न आरोपमा सात जना पक्राउ परेका छन् । सामाजिक सञ्जालमार्फत फेक एकाउन्ट बनाएर ठगी गरेको आरोपमा धनुषा प्रहरीले सात जनालाई पक्राउ गरेको हो । उनीहरूले अनलाइनको दुरुपयोग गरेर दुई करोड ६३ लाख ९ हजार तीन सय १२ रुपैयाँ ठगी गरेको धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले जानकारी दिए । उनका अनुसार धनुषाधाम नगरपालिका–१ का २३ वर्षीय सुरज साह, सर्लाही बरहथवा–७ का २२ वर्षीय नितेशकुमार साह, गौशाला नगरपालिका–१ का २२ वर्षीय रोशन साह, सोही ठाउँका २१ सुधीर कुमार महतो, १९ वर्षीय अमित साह, क्षीरेश्वरनाथ नगरपालिका–२ का २२ वर्षीय श्यामसुन्दर महरा र सोही ठाउँका २० वर्षीय रामकुमार महरा पक्राउ परेका छन् ।

उनीहरूले सस्तोमा मोबाइल, मोटरसाइकल जस्ता सामान दिने भनेर स्थानीयलाई ठगी गरेका थिए । पक्राउ परेकाको साथबाट १० वटा मोबाइल फेला परेको छ । मोबाइलबाट विभिन्न बैंक तथा वित्तीय संस्था तथा वालेट आइडीसमेत गरी १ सय ८७ वटा खाता खोलेको प्रहरी अनुसनधानमा देखिएको छ । उनीहरूले सस्तो दरमा सामान दिने भनेर अनलाइन ठगी गरेको प्रहरी अनुसन्धानमा देखिएको छ । उनीहरू अग्रिम भुक्तानी लिएर सम्पर्कविहीन हुने गरेका थिए । हालसम्म उनीहरूका २१ वटा फेक एकाउन्ट र पेज फेला परेको प्रहरी उपरीक्षक रेग्मीले बताए । उनीहरूमाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । पक्राउ परेका युवाहरु कुलतमा फसेका पाइएको छ ।

# 'हाजमोला सम्झेर विषादि खाँदा छोरा बाँचेन, म बाँचेँ'

**मनोज माझी**
**राजविराज ।**
बच्चासँगै विष सेवन गरेर सिकिस्त राजविराज नगरपालिका–१ चनौराकी काजल कुमारी साफी १० दिन उपचारपछि बिहीबार घर फर्केकी छिन् । उनी पूर्णरुपमा अझै स्वस्थ्य भइसकेकी छैनन् । यद्यपि उनी खतरामुक्त रहेको र केही दिन अरु आराम आवश्यक रहेको चिकित्सकले जनाएका छन् । वैशाख १६ गते गहँ ुको कीरा मार्न प्रयोग गरिने ट्याब्लेट (विषादी) सेवन गरेपछि सिकिस्त २५ वर्षीया काजल र उनका ४ वर्षीय छोरा सौरभलाई उपचारका लागि विराटनगरस्थित नोबेल अस्पतालमा पु¥याइएको थियो ।



सौरभको सोही दिन उपचारक्रममा मृत्यु भयो । आमा काजललाई १० दिन आइसियुमा राखेर उपचार गर्दा बाँचेकी छन् । श्रीमान विगत ४ वर्षदेखि रोजगारीको सिलसिलामा कतारमा छन् । घट्नाको प्रारम्भीक अनुसन्धानक्रममा प्रहरीले घरायसी तनावका क्रममा आमाले छोरालाई विष खुवाएर आपूm समेत खाएको देखिएको बताएको थियो । घरायसी तनाव तथा विदेशमा लामो समयदेखि रहेका श्रीमानले पनि खासै वास्ता नगरेकाले तनावमा आएर काजलले विष खाएर छोरालाइ पनि खुवाएको केही स्थानीयले बताइरहँदा काजल र परिवारजनले वास्तविकता अर्कै रहेको जनाएको छ ।

घरमै स्वास्थ्यलाभ गरिरहेकी काजलले घटनाका दिन गँहुको कीरा मार्न प्रयोग गरिने ट्याब्लेट (विषादि) हाजमोला पाचक सम्झेर भूलवश ४ वर्षीय छोरा सौरभले सेवन गरेको सञ्चारकर्मीलाई बताइन् । 'सौरभले विष खाएको थाहा पाएपछि उसको मुखमा औँला हालेर केही ट्याब्लेट निकाल्न भ्याएँ,' काजलले भनिन्, 'तैपनि छोराको अवस्था शिथिल हुँदै गएको देखेपछि सोही ट्याब्लेट मैले पनि निलेँ ।'

विषादि हाजमोला पाचक सम्झेर भूलवश खाएका छोरा नबाँच्ने अवस्थामा पुगेपछि मैले पनि विषादि सेवन गरेकी हुँ,' उनले भनिन्, 'छोरा त बाँचेन, तर म अभागी बाँच्नु प¥यो ।'

बच्चाको पहँ ुचबाट टाढा र सुरक्षित ठाउँमा राख्नु पर्ने औषधी (विषादि) लापरबाहीपूर्वक राखिँदा यस्तो अप्रिय घटना निम्तिएको काजलकी सासु सुलोचनाले सुनाइन् । उनका अनुसार सौरभ ४ महिनाकै हुँदा अनिल रोजगारीका लागि कतार गएका थिए । उनी अहिले पनि कतार मै छन् । अनिलले घर व्यवहार चलाउन बेलाबेलामा पैसा पठाइरहने तथा स्थानीय 'राइजिङ बोर्डिङ' स्कुलमा नाम लेखाइ पढ्ने व्यवस्था मिलाइएका बेला भएको अकल्पनीय घटनाले पूरै परिवार शोकमा डुबेको उनको कथन छ ।

प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले आमाछोरा विष सेवन प्रकरणको सुक्ष्म अनुसन्धान भइरहेको बताए । स्वास्थ्यलाभ क्रममा रहेकी काजल पूर्णरुपमा निको भएपछि अनुसन्धानका लागि बोलाइने प्रहरी उपरीक्षक खतिवडाको कथन छ ।

# नक्कली नेपाली नोटको बिगबिगी, दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बलरा नगरपालिका–२ जमुनियामा प्रहरीले भारतीय नागरिकलाई नक्कली नेपाली नोटसहित पक्राउ गरेको छ । भारतबाट नेपाल प्रवेश गर्नेक्रममा चेकजाँच गर्दा ती व्यक्तिसँग नक्कली नोट फेला परेको हो ।

छन्कीटोलास्थित प्रहरी चौकीबाट खटिएको टोलीले साँझ भारतबाट आइरहेको बि आर३०ए इ ८३६३ नम्बरको मोटरसाइकललाई शंका लागेर रोकेको थियो । मोटरसाइकल चलाइरहेका व्यक्ति भारतको बिहार राज्य, सितामढी जिल्लास्थित मधुकरपुर गाउँपालिका–९ निवासी ३४ वर्षीय विश्वनाथ साह रहेको खुलेको छ । चेकजाँच गर्दा साहका साथबाट नेपाली हजार दरका आठ थान नक्कली नोट बरामद भएको प्रहरीले जनाएको छ ।

यता, मकवानपुरको हेटौँडा उपमहानगरपालिका–१५ स्थित रातोमाटेमा बुधबार राति प्रहरीले नक्कली नोटसहित बा३३प ९९८३ नम्बरको मोटरसाइकलमा सवार हेटौँडा उपमहानगरपालिका–८ कमानेमा बसोबास गर्दै आएका धादिङ, गंगाजमुना गाउँपालिका–२ का ४२ वर्षीय रामकृष्ण अधिकारीलाई पक्राउ गरेको छ । उनका साथबाट नेपाली ५ सय दरका १ सय ८६ थान नक्कली नोट फेला परेको छ । प्रहरीका अनुसार अधिकारी महोत्तरीबाट हेटौँडा बजार आउँदै थिए । मोटरसाइकल जाँचक्रममा झोलामा लुकाइ राखिएको अवस्थामा नक्कली नोट फेला परेको हो । प्रहरीले घटनासम्बन्धी थप अनुसन्धान शुरु गरेको जानकारी दिएको छ ।

# शुक्रबारदेखि मेयर कप क्रिकेट हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा शुक्रबारदेखि तेस्रो जनकपुरधाम मेयर कप टी–२० क्रिकेट प्रतियोगिता हुन लागेको छ । बिहीबार जिल्ला क्रिकेट संघले निर्माणाधीन रामजानकी बहुउदेश्यीय रंगशालामा पत्रकार सम्मेलन गरेर भारतका ४ टिमसहित १२ टिम सहभागी हुने जनाएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको आयोजनामा हुने प्रतियोगितामा भारतको दिल्ली, बिहारको मुजफ्फरपुर, पुरनीया र उत्तर प्रदेशको लखनउ र मधेश प्रदेशको ८ वटै जिल्ला टिम सहभागी हुने आयोजकले जनाएको छ । क्रिकेट प्रतियोगितामा विजेता टिमलाई २ लाख रुपैयाँ, उपविजेतालाई १ लाख २५ हजार रुपैयाँ पुरस्कार व्यवस्था गरिएको जिल्ला क्रिकेट संघ धनुषाका सचिव आशिष कुमार झाले जानकारी दिए । उनले प्रत्येक दिन म्यान अफ दि म्याच हुने खेलाडीलाई केएफसीको पाँच हजार रुपैयाँको गिफ्टका साथै ३ हजार नगद र ट्रफी प्रदान गरिने बताए । प्रतियोगितामा बेष्ट ब्याट्स म्यान, बेष्ट बल, म्यान अफ दि सिरिज हुने खेलाडीलाई नगदसहित पुरस्कृत गरिने छ । प्रतियोगितामा १२ टिमका १ सय ९२ खेलाडी सहभागी हुनेछन् । मधेश प्रदेशबाट धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरी टिम सहभागी हुने बताइएको छ । ३४ लाख ७६ हजार ५ सय ५० रुपैयाँ खर्च हुने प्रतियोगितामा उपमहानगरले २० लाख रुपैयाँ सहयोग गरेको छ ।

# श्रीदेवी सिटिइभिटी र गौरीशंकर विजयी

**मुकेश कुमार साह**
**चपुर ।**
नेपाली कांग्रेस विद्यार्थी विभाग, रौतहटद्वारा आयोजित जय नेपाल कप रौतहट जिल्ला अन्तरकलेज टी–२० क्रिकेट लिग प्रतियोगिता–२०८२' अन्तर्गत तेस्रो दिन दुई खेल भएको छ । चन्द्रपुर नगरपालिका–८, बेतौनास्थित कोटिहोम क्रिकेट मैदानमा सम्पन्न पहिलो खेल लक्ष्मी श्री बहुमुखी क्याम्पस, गढीमाई नगरपालिका र श्रीदेवी सिटिइभिटी कलेज, माधवनारायण नगरपालिकाबीच भएको थियो । टस जितेर पहिले ब्याटिङ गरेको लक्ष्मी श्रीले निर्धारित २० ओभरमा १ सय १९ रनको मध्यम योगफल तयार पा¥यो । उसका अधिकांश ब्याट्सम्यान सुरुआती चरणमै दबाबमा परे भने केही साझेदारीले टोलीलाई सम्मानजनक स्कोरमा पु¥यायो ।

जवाफमा मैदान उत्रेको श्री देवी सिटिइभिटीले संयमित ब्याटिङ गर्दै १९ ओभरमा ८ विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै २ विकेटको रोमाञ्चक जित दर्ता ग¥यो । जितसँगै श्री देवी कलेज समूह चरणमा बलियो दाबेदारका रूपमा अघि बढेको छ । खेलका 'प्लेयर अफ द म्याच' श्री देवी सिटिइभिटी कलेजका रणवीर यादव घोषित भए । उनले २६ बलमा आक्रामक ३६ रन बनाउनुका साथै उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा २९ रन खर्चेर ३ विकेट लिएका थिए ।

कटहरिया क्याम्पसले सुरुआतदेखि नै नियमित अन्तरालमा विकेट गुमाउँदै २० ओभरमा ८८ रन मात्र बनाउन सक्यो । छोटो लक्ष्य पछ्याउँदै मैदान उत्रिएको गौरीशंकर क्याम्पसले राम्रो सुरुआत गर्दै १३.३ ओभरमै ५ विकेट गुमाएर लक्ष्य भेट्टाउँदै ५ विकेटको सानदार जित हात पा¥यो । गौरीशंकर क्याम्पसको जितमा डब्लु मल्लिकको उत्कृष्ट प्रदर्शन निर्णायक बन्यो ।

डब्लु मल्लिक खेलका 'प्लेयर अफ द म्याच' घोषित भए । उनले ३७ बलमा अविजित ३१ रन जोड्नुका साथै ४ ओभर बलिङ गर्दै २४ रन खर्चेर २ विकेट लिएका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन